CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रा. के. ३०९

ॐ

श्रीपशुपतिनाथको प्रेरणाले

(अध्यात्म-काव्य)



प्रा. शिवगोपाल रिसाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शा. वे. ३०१

ॐ

श्रीपशुपतिनाथको सेरोफेरो

(अध्यात्म-काव्य)

सादर उपहार

पुस्तकालय

प्रा. शिवगोपाल रिसाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* ग्रन्थको नाम :
श्रीपशुपतिनाथको सेरोफेरो

* लेखक :
प्रा. शिवगोपाल रिसाल

* प्रकाशक :
श्रीराजर्षिजनकस्मृति कोष

* प्रकाशन मिति :
वि.सं. २०५९ फागुन ७ प्रजातन्त्र दिवस

* प्रकाशित संख्या :
५०० प्रति

* संस्करण :
प्रथम

* प्रकाशन अधिकार :
लेखकमा सुरक्षित

* मूल्य :
रु. ६०।-

* पुस्तक पाइने ठेगाना :
१. श्रीराजर्षिजनकस्मृतिकोष, बत्तीसपुतली
२. गीता समुदय प्रकाशन, बागबजार
३. श्रीपशुपतिनाथशरण सहकारी संस्था लिमिटेड, पशुपतिनाथ

मुद्रक: विनायक प्रेस,
धोवीधारा, कमलपोखरी, काठमाडौं ।
फोन: ४-४३४६६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

विद्वान् प्राध्यापक श्रीशिवगोपाल रिसालज्यूले रचना गर्नुभएको आध्यात्मिक-काव्य श्रीपशुपतिनाथको सेरोफेरो श्रीराजर्षिजनकस्मृतिकोषले प्रकाशन गर्न पाएकोमा अत्यन्त खुशी लागेको छ। अद्वैत वेदान्तका साधक तथा तत्सम्बन्धी अनेंकन ग्रन्थका रचनाकार रिसालज्यू गद्यविधामा जति कुशल हुनुहुन्छ, पद्यविधामा पनि त्यति नै कुशल हुनुहुन्छ भन्ने कुरा यस पद्यात्मक-काव्य श्रीपशुपतिनाथको सेरोफेरोले प्रमाणित गर्दछ। यो काव्य एघार सोपानमा आरूढ हुँदै सम्पूर्णतामा अवसान भएको छ। श्रीपशुपतिनाथको सेरोफेरोलाई ऐतिहासिक, धार्मिक, सामाजिक, आर्थिक विभिन्न दृष्टिकोणले अत्यन्त विवेचनात्मक काव्यात्मक शैलीमा वर्णन गरिएको छ। वार्णिक छन्दका विभिन्न सरस र सरल छन्दहरूको मांध्यमबाट बयान गरिएको श्रीपशुपतिनाथको महिमा अत्यन्त नै पठनीय र भक्तिले आप्लावितसमेत भएको छ। ऐतिहासिक, धार्मिक, सामाजिक र पर्यटकीय दृष्टिकोणले समेत यो काव्य पठनीय र सङ्ग्रहणीय भएको मैले पाएको छु। एकातिर यस काव्यलाई एघार सोपानमा विभाजन गरी एकादश रुद्रलाई प्रतीकका रूपमा आत्मसात् गरिएको छ भने अर्कोतिर यसले क्रममुक्तिमा लागेका मुमुक्षुको लागि ऊर्ध्वगतिको सङ्केत पनि गरेको छ। अन्तिम सोपानको अन्त्यमा उल्लेख भएको कवितालाई यहाँ उद्धरण गर्दै म आफ्नो कलमलाई विराम दिन्छु। धन्यवाद

आत्मा, जीव, जगत् कहाँ ? किन ? कसो ? वेदान्त दुर्बोध छ।
यो मेरो मन बोल्छ रे छुनमुने वाणी न ता बोध छ॥
आँटे, भेट्छु अवश्य नै शिवकृपा पाएँ भने जीवन।
भो है सार्थक धन्य ! धन्य ! शिवमा सवर्स्व यो अर्पण॥

– शरदकुमार भट्टराई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* ग्रन्थको नाम :
श्रीपशुपतिनाथको सेरोफेरो

* लेखक :
प्रा. शिवगोपाल रिसाल

* प्रकाशक :
श्रीराजर्षिजनकस्मृति कोष

* प्रकाशन मिति :
वि.सं. २०५९ फागुन ७ प्रजातन्त्र दिवस

* प्रकाशित संख्या :
५०० प्रति

* संस्करण :
प्रथम

* प्रकाशन अधिकार :
लेखकमा सुरक्षित

* मूल्य :
रु. ६०/-

* पुस्तक पाइने ठेगाना :
१. श्रीराजर्षिजनकस्मृतिकोष, बत्तीसपुतली
२. गीता समुदय प्रकाशन, बागबजार
३. श्रीपशुपतिनाथशरण सहकारी संस्था लिमिटेड, पशुपतिनाथ

मुद्रक: विनायक प्रेस,
धोवीधारा, कमलपोखरी, काठमाडौं ।
फोन: ४-४३४६६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

विद्वान् प्राध्यापक श्रीशिवगोपाल रिसालज्यूले रचना गर्नुभएको आध्यात्मिक-काव्य श्रीपशुपतिनाथको सेरोफेरो श्रीराजर्षिजनकस्मृतिकोषले प्रकाशन गर्न पाएकोमा अत्यन्त खुशी लागेको छ। अद्वैत वेदान्तका साधक तथा तत्सम्बन्धी अनेंकन ग्रन्थका रचनाकार रिसालज्यू गद्यविधामा जति कुशल हुनुहुन्छ, पद्यविधामा पनि त्यति नै कुशल हुनुहुन्छ भन्ने कुरा यस पद्यात्मक-काव्य श्रीपशुपतिनाथको सेरोफेरोले प्रमाणित गर्दछ। यो काव्य एघार सोपानमा आरूढ हुँदै सम्पूर्णतामा अवसान भएको छ। श्रीपशुपतिनाथको सेरोफेरोलाई ऐतिहासिक, धार्मिक, सामाजिक, आर्थिक विभिन्न दृष्टिकोणले अत्यन्त विवेचनात्मक काव्यात्मक शैलीमा वर्णन गरिएको छ। वार्णिक छन्दका विभिन्न सरस र सरल छन्दहरूको मांध्यमबाट बयान गरिएको श्रीपशुपतिनाथको महिमा अत्यन्त नै पठनीय र भक्तिले आप्लावितसमेत भएको छ। ऐतिहासिक, धार्मिक, सामाजिक र पर्यटकीय दृष्टिकोणले समेत यो काव्य पठनीय र सङ्ग्रहणीय भएको मैले पाएको छु। एकातिर यस काव्यलाई एघार सोपानमा विभाजन गरी एकादश रुद्रलाई प्रतीकका रूपमा आत्मसात् गरिएको छ भने अर्कोतिर यसले क्रममुक्तिमा लागेका मुमुक्षुको लागि ऊर्ध्वगतिको सङ्केत पनि गरेको छ। अन्तिम सोपानको अन्त्यमा उल्लेख भएको कवितालाई यहाँ उद्धरण गर्दै म आफ्नो कलमलाई विराम दिन्छु। धन्यवाद

आत्मा, जीव, जगत् कहाँ ? किन ? कसो ? वेदान्त दुर्बोध छ।
यो मेरो मन बोल्छ रे छुनमुने वाणी न ता बोध छ॥
आँटे, भेट्छु अवश्य नै शिवकृपा पाएँ भने जीवन।
भो है सार्थक धन्य ! धन्य ! शिवमा सवर्स्व यो अर्पण॥

– शरदकुमार भट्टराई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूची

१.	प्रथम सोपान		१-८
	(क)	मङ्गलाचरण	१
	(ख)	मन्दिर परिसर	२
२.	द्वितीय सोपान		९-१५
	(क)	शिव-सान्निध्य	९
	(ख)	केही प्रसिद्ध घटनाहरू	१४
३.	तृतीय सोपान		१६-२२
	(क)	शिव-गौरी वियोग	१६
	(ख)	किरातेश्वर	१८
	(ग)	वियोगिनी गौरी	१९
	(घ)	गुह्येश्वरी	२०
४.	चतुर्थ सोपान		२३-३१
	(क)	शिवको कैलाश त्याग र श्लेष्मान्तक विहार	२३
	(ख)	ज्योतिर्लिङ्गको प्राकट्य	२५
	(ग)	मुखलिङ्ग	२६
	(घ)	शैव परम्परा	२७
५.	पञ्चम सोपान		३२-३९
	(क)	धर्म-समन्वयः अनेकतामा एकता	३२
	(ख)	केही कृति, केही विकृति	३५
६.	षष्ठ सोपान		४०-४६
	(क)	मेला-पर्वहरू	४०
	(ख)	शिवरात्रि	४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) सामाजिक सेवा ४३
(घ) यस क्षेत्रका अन्य देव-देवीहरू ४५
७. सप्तम सोपान ४७-५४
(क) धर्म-रक्षा ४७
(ख) पशुपतिक्षेत्र विकास कोष ४९
(ग) शिवः सगुण-निर्गुण ५१
८. अष्टम सोपान ५५-६३
(क) राष्ट्र र राष्ट्रदेव ५५
(ख) शिवभक्ति र त्यसको फल ५७
(ग) देह र गेहको परिचय ५९
९. नवम सोपान ६४-७१
सत्सङ्ग समागम (स्वतन्त्र सत्र) ६४
१०. दशम सोपान ७२-८२
सत्सङ्ग प्रवचन (राम सत्र) ७२
११. एकादश सोपान ८३-८९
शिव-विश्रान्ति ८३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीगणेशाय नमः श्रीसरस्वत्यै नमः

ॐनमः शिवाय

श्रीपशुपतिनाथको सेरोफेरो

(अध्यात्म-काव्य)

प्रथम सोपान

(क) मङ्गलाचरण

आत्मास्वरूप हे शम्भो ! पशुका पति नाथ हे !
पतिका पति सर्वेश ! नाथका पनि नाथ हे !!

। १ ।

भूतनाथ, उमानाथ, गणनाथ, दिगम्बर ।
आशुतोष, त्रिलोकेश, चन्द्रशेखर, भास्कर ॥

। २ ।

नेपाल राष्ट्रका देव ! विश्वका नै महेश्वर !
तिमी हौ ईशका ईश ! विश्वेश जगदीश्वर !!

। ३ ।

ॐकार, चन्द्रका बिन्दु, बिन्दुका पनि बिन्दु हौ ।
धूर्जटी, भाल चन्द्रेश, ज्ञान, वैराग्य सिन्धु हौ ॥

। ४ ।

पार्वती, गिरिजा, शक्ति, शक्तिका पनि शक्ति हौ ।
कर्मका, ज्ञानका दाता, भक्तिका तिमी भक्ति हौ ॥

। ५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव, शंकर हे भोला ! नामका पनि नाम हौ ।
कार्तिकेश्वर, नन्दीश ! रामका तिमी राम हौ ॥

। ६ ।

योगेश्वर ! महाकाल ! कैलाशेश्वर ! शेखर !
ज्योतिर्लिङ्ग ! महादेव ! त्रिनेत्र !धरणीधर !!

। ७ ।

संन्यास, त्यागका मूर्ति ! हिमाल र मसानमा ।
पाइने हृदयाकाश, ध्यानमा, ब्रह्मज्ञानमा ॥

। ८ ।

रामका, कृष्णका नाथ, ब्रह्माका पनि नाथ हें !
गणेश, सूर्यका नाथ, उमाका पति नाथ हे !!

। ९ ।

शंकराचार्य आचार्य, शैव, वैष्णवनाथ हौ ।
गोरक्षनाथ, मत्स्येन्द्रनाथका पनि नाथ हौ ॥

। १० ।

(ख) मन्दिर र परिसर

अहा ! मण्डप शैलीको, भव्य सुन्दर, मन्दिर ।
सुनका दुइटा छाना, चारपाखे मनोहर ॥

। ११ ।

प्रवेशद्वार चारौटा, चाँदीका झलमल्ल छन् ।
सीपले र कलाले लौ, भक्तिले नेत्र खुल्दछन् ॥

। १२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगाडि सुनकै नन्दी, विशाल, दिव्य देखिने ।
बसाहा विश्वमा यस्तै अर्को छैन भने हुने ॥

। १३ ।

यिनकै साथमा राता, हनुमान रमाउने ।
शिव-राम यही नै हुन्, भेद सारा हटाउने ॥

। १४ ।

विशाल चोकमा देवी, देवता यत्रतत्र छन् ।
ईशान कोणमा नाग, वासुकी ती प्रसिद्ध झन् ॥

। १५ ।

राता गणेशले पूर्व दिशा उज्ज्वल पार्दछन् ।
पूर्वमा वाग्मती गंगा पाप, सारा पखाल्दछिन् ॥

। १६ ।

मुक्ति-मण्डपमा नित्य, पुराण, कीर्तनादि छन् ।
आग्नेय कोणमा माई शीतला, भैरवादि छन् ॥

। १७ ।

अनेक गणका बीच, उन्मत्तेश्वर भैरव ।
रखवारी गरी बस्छन्, ग्रहादि नव गौरव ॥

। १८ ।

रक्षा होस् धनको, मनादि जनको, धर्मादि सत्कर्मको ।
आफ्नै नैतिक जीवनी कति मिठो साहित्य, संगीतको ॥
आशीर्वाद, प्रसाद हे पशुपते ! प्राणी सबैमा छर !
'मेरो राष्ट्र बने म बन्छु' प्रण होस् ! कल्याण हाम्रो गर !!

। १९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयं ज्ञानी जानी विषयसुखको भष्म नघसी ।
बनी ब्रह्माभ्यासी छल र फलभन्दा पर बसी ॥
अहा ! आत्माभित्रै विगलन गरी विश्वविभव ।
बुझौं आफू को हो ? धन, बल झुटा झन्झट सब ॥

। २० ।

प्रातः चारबजेदेखि शिव-दर्शन खातिर ।
हजारौं भक्त ता नित्य पुग्दछन् शिव-मन्दिर ॥

। २१ ।

कोही भजनमा मग्न, सत्सङ्ग, पाठ, ध्यानमा ।
कोही समुहमा, एक्लै, भक्तिमा कि त ज्ञानमा ॥

। २२ ।

आरति साँझकोसम्म, बस्छन् श्रद्धा र भक्तिले ।
प्रातः नित्य पुगेकै छन्, गृहस्थी पनि युक्तिले ॥

। २३ ।

यो हो पशुपति क्षेत्र, शिवका गण धेर छन् ।
सजिलो छैन है चिन्न, को ? के ? कस्ता ? प्रसिद्ध झन् ॥

। २४ ।

महात्मा, सिद्ध, संन्यासी, ज्ञानी, योगी र साधुको ।
पवित्र साधना क्षेत्र, कल्पवृक्ष समानको ॥

। २५ ।

वासुकी नामका बाबा, प्रज्ञाचक्षु प्रसिद्ध थे ।
हुन्थ्यो वेदान्त सत्संग, वेदान्ती नित्य जुट्दथे ॥

। २६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपोमूर्ति महात्मा थे शत+षष्ठ उमेरका ।
वासुकीमा बसी धप्प बलेका शिव-ध्यानका ॥

। २७ ।

श्यामचेतन बाबा हुन्, पचासौँ वर्षदेखि छन् ।
बाबा खप्तडका साथी, तपस्या ध्यानमग्न छन् ॥

। २८ ।

त्यहीँ आज चलेकै छ, सत्संगको परम्परा ।
गीता, भागवती वार्ता, वक्ता गौरव, उर्वरा ॥

। २९ ।

एक पण्डित थे सिद्ध, सिलवाल प्रतिष्ठित ।
फैसला उनको दिव्य, प्रकाशित प्रसिद्ध छ ॥

। ३० ।

एक सिद्ध उमाकुण्ड, अगाडि व्योमका मुनि ।
बसेर माग्दथे पैसा, मुनिले किन हो कुनि ॥

। ३१ ।

अर्का सिद्ध यसै घुम्थे, भक्त इच्छा पुर्‍याउँथे ।
बोलेको पुग्छ रे भन्थे, इच्छा भोजन गर्दथे ॥

। ३२ ।

यस्तै, उस्तै उनी जस्तै, सिद्ध, ज्ञानी यतै हुनन् ।
ज्ञानी, सज्जनले चिन्छन्, ज्ञानी सज्जन भन्दछन् ॥

। ३३ ।

ब्रह्मचारी, गृहस्थी वा, संन्यासी, वानप्रस्थ हुन् ।
नागा, भस्मी भिखारी वा, अघोरी, अवधूत हुन् ॥

। ३४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बराबर यहाँ हुन्छ, शास्त्रार्थ, धर्म-चिन्तन ।
संकीर्तन, महाज्योति, दानादि, यज्ञ, अर्चन ॥
। ३५ ।

ज्ञान, कर्म र भक्तिको, यज्ञादि, शिष्ट-भाषण ।
कैलाश, वनकी काली, देव उद्यान, प्राङ्गण ॥
। ३६ ।

गलेश्वर ठुला योगी, अति दिव्य थियो सभा ।
त्यस्तै खप्तड बाबाको, भयो दर्शन दुर्लभ ॥
। ३७ ।

डोँगरेको मिठो वाणी, श्रोतालाई रुवाउने ।
कोही संगीतमा मस्त, कोही बुद्धि खियाउने ॥
। ३८ ।

कहिले रामको लीला, भव्य भागवती कथा ।
पाप, दुर्भाव धोएमा, जाने रे मनको व्यथा ॥
। ३९ ।

काञ्चीका शङ्कराचार्य, बराबर पदार्पण ।
कृपा गर्नुभएकै छ, दान, धर्म, समर्पण ॥
। ४० ।

स्वर्गद्वारी, उता पारि, विद्यालय र मन्दिर ।
पूजा, यज्ञ चलेको छ, स्वतन्त्र, शान्त, सुन्दर ॥
। ४१ ।

उमाका कुण्डमा शुद्ध यज्ञ, सत्संग, पूजन ।
किरातेश्वरमा नित्य, भक्ति, अध्यात्म कीर्तन ॥
। ४२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पीठाधीश, मठाधीश, साधु, सन्त, समागम ।
आचार्य, शंकराचार्य, तीर्थ जङ्गम, उत्तम ॥
। ४३ ।
राष्ट्राध्यक्ष, जनाध्यक्ष, नेता, प्रमुख, सज्जन ।
जनता, शिवका भक्त, धर्मले क्षेत्र पावन ॥
। ४४ ।
सभा, गोष्ठी र सम्मान, विभिन्न अभिनन्दन ।
कोष, संस्था र सर्कार, विश्वहिन्दु, सनातन ॥
। ४५ ।
स्वाध्याय वेदको हुन्छ, चल्दैछ वेद आश्रम ।
गुठी, कोष सबै गर्छन् , धर्म, संस्कृति रक्षण ॥
। ४६ ।
कुञ्जमा रामको नाम, अखण्ड हुन्छ कीर्तन ।
नारायण महासत्र, धर्म, ग्रन्थ प्रकाशन ॥
। ४७ ।
मीठो भागवती वार्ता, अग्निहोत्रादि तर्पण ।
इतिहास बनेको छ, कर्म, भक्ति सुरक्षण ॥
। ४८ ।
गौरीका घाटमा धर्म-पाठशाला प्रसिद्ध छ ।
विद्यार्थी पढ्दछन् वेद, भोजनादि व्यवस्थित ॥
। ४९ ।
स्वामीज्यू राम सत्संग, बराबर भएर नै ।
मर्यादा, धर्म निर्देश, हुन्छ सज्जनबाट नै ॥
। ५० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शङ्कराचार्यका नाम मठ एक प्रसिद्ध छ ।
रामानन्द मठाधीश, सत्सङ्ग रस-सिद्ध छ ॥

। ५१ ।

बराबर हुने यज्ञ, सत्संग, नाम कीर्तन ।
वनकाली नहोस् खाली, संन्यासी, साधु, सज्जन ॥

। ५२ ।

वाग्मतीको उता पारि, संन्यास-सन्त-आश्रम ।
प्रकाश नामझैँ काम, सत्यसङ्ग समागम ॥

। ५३ ।

वेदका नाममा एक विद्याश्रम प्रसादले ।
वेद, वेदान्त, विद्यार्थी पढ्छन् शास्त्र प्रेमले ॥

। ५४ ।

सेवा हेतु निकै संस्था-स्वास्थ्य, शिक्षा र साधना ।
देव सान्निध्यमा गर्छन् पवित्र शिव-भावना ॥

। ५५ ।

शिवका गण भूतादि, क्षेत्रपालादि दर्शन ।
गरेर मात्र भोलाको, गरौँ वन्दन, अर्चन ॥

। ५६ ।

यो नेपाल पवित्र धाम शिवको, यो साधना क्षेत्र हो ।
आफैँलाई चिनाउने, सुखदिने यो भित्रको मित्र हो ॥
हे ! भोले ! शशिशेखरे ! शिव ! हरे ! सद्भावका उद्गम ।
विद्या, वैभव, शक्तिका स्वरूप हे ! कल्याणका आगम ॥

। ५७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय सोपान

(क) शिव-सान्निध्य

ज्योतिर्लिङ्ग विशाल शैवमहिमा, प्राचीनता, पूर्णता ।
मेरो गौरव, गर्व, राष्ट्रिय निधि, सर्वस्व सम्पन्नता ॥
मेरो संस्कृति, धर्म, दर्शन दिने विश्वात्ममा एकता ।
आफ्नै मौलिक शान्ति, शिल्प रचना, यो दिव्यता, भव्यता ॥

। १ ।

मन्दिरोत्तरमा रुद्रगाडेश्वर विराज छन् ।
त्यस्तै नै दक्षिणी भाग, चौसट्ठी शिवलिंग छन् ॥

। २ ।

अझै उत्तरमा उच्च, सम्म कैलाश चौरमा ।
सत्संग, ध्यान, जाग्राम, हुन्छ कीर्तन पर्वमा ॥

। ३ ।

शिवका नाममा लाखौँ, भक्तले शिव देवल ।
स्थापना शिवको लिङ्ग, गरे कीर्ति समुज्ज्वल ॥

। ४ ।

यत्र-तत्र हजारौँ छन्, देवालय, शिवालय ।
शिवको पुण्य यो क्षेत्र, सम्पूर्ण हिन्दु आलय ॥

। ५ ।

पशुका पतिको क्षेत्र, हजारौँ तीर्थ, घाटले ।
महातीर्थ, महाधाम, स्नान, दान र पाठले ॥

। ६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजा, यज्ञ, चलेको छ, भित्र-बाहिर मन्दिर ।
जप, ध्यान र सत्संग, यत्र-तत्र सबैतिर ॥
। ७ ।
लाखबत्ती बलेको छ, धर्म, कर्मादि सात्त्विक ।
विवाह, व्रतबन्धादि, संस्कार हुन्छ वैदिक ॥
। ८ ।
शिव-सान्निध्यले, माटो, ढुङ्गा वा वालुवा कण ।
गाई, कुकुर वा साँढे, मान्छे हुन् शिवका गण ॥
। ९ ।
बने पवित्र झन् वृक्ष, लता, वानर वा वन ।
परेवाका बथानैले देवपत्तन पावन ॥
। १० ।
शिव-सानिध्य, सेवाले बन्छन् दानव मानव ।
कर्मले, भक्तिले शुद्ध-चित्तले ब्रह्मवैभव ॥
। ११ ।
गरीबमा दिए दान,रोगीको उपचारमा ।
अशिक्षामा मिलोस् शिक्षा, सिद्धान्त व्यवहारमा ॥
। १२ ।
वृद्ध, बालक, विद्याको, सेवा फल शिवार्पणम् ।
'परोपकार पुण्याय पापाय परपीडनम् ॥'
। १३ ।
ठूला, साना सबै आए, बाँच्न, मर्न यतैतिर ।
शिवका निहुँमा आफ्नै, पोको भर्ने गरे सुर ॥
। १४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिलेका धनी मानी, राजा, मन्त्री चढाउँथे ।
शिवस्व अग्निको राँको, छुनसम्म डराउँथे ॥
। १५ ।
हिजो, आज सबै भोका, मुर्दा देखेर दङ्ग छन् ।
हरे पाप बढ्यो सारै, पाएसम्म हसुर्दछन् ॥
। १६ ।
जति पवित्र यो क्षेत्र, निषिद्ध कर्म हुन्छ रे ।
देख्ने, सुन्ने यसै भन्छन्, कलिको यो प्रभाव रे ॥
। १७ ।
अन्यत्रतिरको पाप, तीर्थले ता पखाल्छ रे ।
तीर्थमा जो भयो पाप, वज्रलेप हुने अरे ॥
। १८ ।
त्यसैले नगरौँ पाप, शिव-सान्निध्यमा बसी ।
सेवा, दान, दया, धर्म, गरौँ कर्म घुँडा धसी ॥
। १९ ।
भोग ता सबले गर्छन्, पशु, पक्ष्यादि कीटले ।
विशिष्ट जीव हो मान्छे, बन्छ है शिव बोधले ॥
। २० ।
युक्तिले मुक्तिको बाटो, ज्ञान, वैराग्य, भक्तिले ।
बनाऔँ धन्य यो चोला, शिवले आत्म-शक्तिले ॥
। २१ ।
भाग्यले शिवसान्निध्य, पाइन्छ तर भोगमा ।
आसक्ति भो भने जीव, पर्छ गर्त गभीरमा ॥
। २२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेता र जनता बोल, कर्तव्य सरकारको ।
पूजारी, कर्मचारीको, भण्डारी अधिकारको ॥

। २३ ।

कुरा मात्र भयो धेरै, काम, कर्तव्य छैन त ?
स्वार्थको मात्र भो राज ! सोच है परमार्थतः ॥

। २४ ।

विषले देह यो मात्र, समाप्त पार्न सक्छ है ।
शिवस्व भोग हो रोग, जन्म-जन्म बिगार्छ है ॥

। २५ ।

शिवको, शास्त्रको ठूलो, कृपा भो गुरुदेवको ।
अब आत्मकृपा बाँकी, नत्र जीवन व्यर्थ भो ॥

। २६ ।

चोला यो पछि मिल्दैन, भिजायौँ पापले भने ।
पछुताउनु पर्ला है, रुद्रकोप भयो भने ॥

। २७ ।

जनता, देशको सेवा, शिवमा भक्ति भो भने ।
सर्वत्र लाभ नै लाभ, चेतना खुल्न गो भने ॥

। २८ ।

भवरोग महारोग, वियोग प्रभुको भए ।
निरोग र महाभोग, सुयोग प्रभुमा भए ॥

। २९ ।

बस्छन् ईश्वर आफैँमा, मन खाली भयो भने ।
पखालियो भने सारा, मनको मल गो भने ॥

। ३० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुखमा दुधिलो वाणी, पेटमा पेचिला कुरा ।
भोलि भोग्छ त्यसैले नै, कस्ले भन्छ कठैबरा !!

। ३१ ।

अरुबाट त्यही मिल्छ, आफू दृष्टान्त नै बन ।
उपदेश दिने आफू, आदेश गर पालन ॥

। ३२ ।

सम्झे अर्जुनले आफू; मोह सारा समाप्त भो ।
बिर्से मेटिन्छ आफू नै, गीताको सार यत्ति हो ॥

। ३३ ।

मनका, मानका धर्म, छोडी शरणमा परे ।
कृष्ण उद्धार गर्छन् है, ज्ञानले मुक्त भै तरे ॥

। ३४ ।

संसारी अर्थमा मक्ख, काममा मक्ख पामर ।
धर्ममा मक्ख धर्मात्मा, ज्ञानी मुक्त परात्पर ॥

। ३५ ।

योगी, त्यागी सबै मक्ख, चित्त सत्य-प्रसाधन ।
भक्त ता भावमा मक्ख, मुमुक्षु ब्रह्मचिन्तन ॥

। ३६ ।

बुद्धि व्यापार गर्ने नै, बुद्धिजीवी भए अरे ।
धर्म व्यापार गर्ने ता, शिष्ट, सभ्य विकास रे ॥

। ३७ ।

देह व्यापार, उद्योग, मान्छेको अधिकार रे ।
गर्भको भ्रूणको हत्या, शिष्टाचार हुने हरे !!

। ३८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म यो हुँ, म त यो हैन, भन्ने नाना विकल्पना ।
भए क्षीण सबै आत्मा, देख्नु हो ज्ञान लक्षणा ॥
। ३९ ।

ज्ञानी शान्त, सदानन्द, न एकाग्र, न चञ्चल ।
न बोध, न त हो मूढ, ब्रह्मात्मैक्य त केवल ॥
। ४० ।

निष्काम अथवा शुद्ध, चित्तमा गुरु-योगले ।
कृतार्थ हुन्छ पुण्यात्मा, थोरै नै उपदेशले ॥
। ४१ ।

नभए बुद्धिको शुद्धि, जिज्ञासु भर जीवन ।
कठै ती मोहमा डुब्छन्, हुँदैन ब्रह्म बोधन ॥
। ४२ ।

सुन्दासाथै भए बोध, अधिकारी त उत्तम ।
बराबर सुनी गुन्ने, शिष्य मानिन्छ मध्यम ॥
। ४३ ।

सयौँ वर्ष सुने मात्र, हुने रे बोध ब्रह्मको ।
अधिकारी निकै तल्लो, वेदान्त ब्रह्मज्ञानको ॥

। ४४ ।

(ख) केही प्रसिद्ध घाटहरू

राजराजेश्वरी घाट, तिलगंगा पवित्र छन् ।
भष्मेश्वर अझैमाथि, आर्यघाट प्रसिद्ध झन् ॥
। ४५ ।

सबैको अन्त्यको बेला, भष्मेश्वर मसानमा ।
पुग्छन्, पुन्याउँछन्, आर्यघाटमा ब्रह्मनालमा ॥
। ४६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्य, गुहेश्वरी, गौरी, राम, शान्ति पवित्र छन् ।
आर्यघाट छुटे प्राण, शिवकै लोक पुग्दछन् ॥
। ४७ ।
ठूला, साना, धनी, जो हुन्, सबैले जानु पर्दछ ।
राजा, रंक ढिलो, चाँडो कालले किन छोड्दछ ?
। ४८ ।
मुठी खोलेर आएथ्यौँ, मुठी खोलेर जानु छ ।
मान, वैभव छाडेर, पाप, पुण्य त लानु छ ॥
। ४९ ।
धर्म, पाप लिई जाने, त्यसैले धर्म नै गरौँ ।
बाँकी छोडेर जानै छ, शिव ! राम ! जपी मरौँ ॥
। ५० ।
पूजा मन्दिरमा चल्दा, डमरू, ढोल, घंटको ।
नाद गुन्जिरहोस् भित्र, मनमा राम-नामको ॥
। ५१ ।
जिब्रोमा, ओठमा राम, होसमा आर्यघाटमा ।
ज्ञान, दान दिँदै प्राण, छुटोस् है ब्रह्मनालमा ॥
। ५२ ।
जन्मेदेखि मरुन्जेल, शिवसेवा निरन्तर ।
गरे सफल भो चोला, पवित्र भित्र-बाहिर ॥
। ५३ ।
भूलोकका सुजनका हितका कथाले ।
लीला गरे शिव अचम्म शिवा व्यथाले ॥
यो क्षेत्रमा शिव-शिवा सब बस्न थाले ।
शिवात्म-धाम धरती हिम उच्चताले ॥
। ५४ ।
-हरि:ॐ तत्सत्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृतीय सोपान

(क) शिव-गौरी वियोग

गार्हस्थ्य राम्रो शिवको-शिवाको ।
विशुद्ध माया नमिली-मिलाको ॥
शिवात्ममा ता गुण छैन है लौ ।
शिवात्म माता गुण हुन्छ रे लौ ॥
। १ ।

नव-यौवनले धप्प, त्यागले यी महेश्वरी ।
छोरी हिमालकी गौरी, पार्वती अति सुन्दरी ॥
। २ ।

शिवकी गृहिणी शक्ति, वामाङ्गी सहधर्मिणी ।
शिव-मन्दिरकी शोभा, गृहधर्मसुधारिणी ॥
। ३ ।

आत्माको बोधका लागि, बुद्धि निर्मल, निश्चल ।
आमा हुन् गिरिजा बुद्धि, पिता आत्मा सदाशिव ॥
। ४ ।

आमालाई रिझाएमा, पिताको मिल्छ दर्शन ।
सुदृष्टि शिवका लागि, उमाकै गर चिन्तन ॥
। ५ ।

उमा खुशी गराएमा, शिव दर्शन पाइने ।
त्यसैले भक्तको भीड, उमा-मन्दिरमा हुने ॥
। ६ ।

उमा आमा थिइन् व्यस्त, घरका काम-काजमा ।
शिवबाबा सदा मस्त, ध्यानमा, रामनाममा ॥
। ७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिकार मिठा शुद्ध. चौरासी व्यञ्जनादिक ।
पारिन् तयार दुर्गाले, शिवको भोजनादिक ॥
। ८ ।
विन्ती गर्न गइन् अम्बा, देखिनन् शिवलाई ता ।
यता, उता, कतै होलान्, भन्दैमा शिव वेपता ॥
। ९ ।
खोजिन्, सर्वत्र नै खोजिन्, कठै नि ! यी तपस्विनी !
वियोगिनी बनिन् बाबा ! अकेली शिव-योगिनी !!
। १० ।
सर्वस्व, प्राणका नाथ, भोले बाबा, दिगम्बर ।
छले, भागे, भुलाएर, मायालाई यतैतिर ॥
। ११ ।
अनाथ पार्वती, पारी, पार्वतीनाथ ता गए ।
नामको अर्थ भो आधा, नाथ अद्वैत पो भए ॥
। १२ ।
दूतले, गणले खोजे, क्षेत्रपाल र नन्दीले ।
भूत, भृङ्गी, पिशाचादि, सिंहले र हिमालले ॥
। १३ ।
भूँडे गणेशले खोजे, मुसाका पीठमा बसी ।
उडे कुमार आकाश, आफ्नै बाहनमा बसी ॥
। १४ ।
उमाले दिव्य दृष्टिले, शिव-दर्शन पाइछन् ।
उत्तराखण्डको भव्य, देश-नेपाल आइछन् ॥
। १५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किरातरूपमा शम्भु, धनुर्वाण लिईवरी ।
किरातसाथमा खेल्छन्, लीला गर्दै थरीथरी ॥
। १६ ।
किरातिनी बनिन् अम्बा, शिवलाई फसाउन ।
हजारौं वर्ष भो खेल, आफूलाई लुकाउन ॥
। १७ ।
अनेकौं यत्नमा लागिन्, शिवलीला विचित्र छ ।
खेल ता खेल मात्रै भो, मायाको यत्न व्यर्थ छ ॥
। १८ ।
शिव ता कहिल्यै आफ्ना, बनेनन् अब के गरून् !
कृपा भए हुने सारा, उनकै पाउमा परून् !!
। १९ ।
स्पर्शसम्म गरेनन् रे, शिव अद्‌भुत देवता ।
समाउँछु भनी खोजिन्, किरातेश्वर वेपता ॥
। २० ।

(ख) किरातेश्वर

किरातेश्वरका रूप, डाँडामा शिव मग्न छन् ।
शिलाका रूपमा गौरी, आँशुधारा बगाउँछिन् ॥
। २१ ।
नित्य स्नान त्यहीं गर्थिन्, वाग्मती पुण्य तीर्थमा ।
गौरीघाट महातीर्थ, बन्यो एकान्त स्थानमा ॥
। २२ ।
नित्य दर्शन, पूजामा, दानमा, जप ध्यानमा ।
पार्वतीको बस्यो प्रेम, किरातेश्वर लिङ्गमा ॥
। २३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव, स्पर्श र सान्निध्य, पाइनन् विचरी वरा ।
कठोर तपले अम्वा, कीर्ति, उज्ज्वल, उर्वरा ॥

। २४ ।

मसानमा बसून् भोला ! कैलाशमा, हिमालमा ।
एकान्त एकलै बस्ने, मस्तमा राम-ध्यानमा ॥

। २५ ।

देवका देव हुन् ब्रह्म, अद्वैत आत्मरूप हुन् ।
स्वयं-प्रकाश चैतन्य, अखण्ड परिपूर्ण छन् ॥

। २६ ।

आफँमा आफू छन् मग्न, पार्वती नभए पनि ।
मायादेखि विनिर्मुक्त, शिव आनन्दका धनी ॥

। २७ ।

पार्वती, प्रकृति, माया, ईशका वशमा हुने ।
अस्तित्व यिनको छैन, शिव टाढा भए भने ॥

। २८ ।

(ग) वियोगिनी गौरी

शिवसंयोगको लक्ष्य, पार्वती शिव-ध्यानमा ।
कठोर तपमा बस्छिन्, शिवगंगा किनारमा ॥

। २९ ।

शिव हुन् निर्गुणी ब्रह्म, निराकार, निरञ्जन ।
साकार गुणमा आए, अनासक्त, अकिञ्चन ॥

। ३० ।

गोरी, गौरी, अझै गोरी, तपका बलले गरी ।
काला कपाल ता सेता, तुसारो शिरमा परी ॥

। ३१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहिले पानीको वर्षा, उमा निथ्रुक्क भिज्दछिन् ।
प्रचण्ड सूर्यको ताप, पसिनाले भिजेकी छिन् ॥
। ३२ ।
कहिले असिना, आँधी, हुरीले नै सताउने ।
उमा अचल, एकाग्र, ध्यानमा शिव पाउने ॥
। ३३ ।
आजसम्म शिवा गौरी, घाटमा तप ध्यानमा ।
किरातेश्वर एक्लै छन्, डाँडामा मग्न-मस्तमा ॥
। ३४ ।
पशुका पति छन् वारि, पारि गुहेश्वरी बसिन् ।
शिवका साथमा गौरी, गौरीका शिव साथ छन् ॥
। ३५ ।
रहस्य शिव-गौरीको, गृहस्थी झन् विचित्रको ।
निर्गुणी शिवको माया, गुणको र चरित्रको ॥
। ३६ ।
भक्तले भावले बुझ्छन्, त्यसमैं कृतकृत्य छन् ।
कृपा भए उनैको नै, ती ता धन्य, विमुक्त झन् ॥
। ३७ ।
पार्वती ता निकै रोइन्, महादेव वियोगले ।
आशुतोष खुशी पारिन्, तपस्या, स्तुति, योगले ॥
। ३८ ।
शिवले प्रेमले आफ्नै, शिरमा धारणा गरे ।
शिव-शक्ति सदा साथ बस्ने बाचा गरे, भरे ॥
। ३९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीयन्त्र शिरमा लेखी, ईशान पशुका पति ।
पार्वतीरूपमा पूजा, हुन्छ यस्तै चल्यो स्थिति ॥

। ४० ।

शिव ता सच्चिदानन्द, स्वयं शान्त प्रसन्न छन् ।
अर्धनारी शिवाशक्ति, पाई अझ प्रसन्न छिन् ॥

। ४१ ।

(घ) गुह्येश्वरी

गुह्येश्वरी महापीठ, पूर्व-उत्तर कोणमा ।
बसेकी छन् जगन्माता, पूर्णकुम्भ र गुह्यमा ॥

। ४२ ।

गौरीघाट गरी स्नान, किरातेश्वर दर्शन ।
गुह्येश्वरी महामाया, गरौँ पाठ र वन्दना ॥

। ४३ ।

शक्तिको गुह्य भो पात, शक्तिपीठ प्रसिद्ध भो ।
चोकका माझमा कुण्ड, खुला आकाश सिद्ध भो ॥

। ४४ ।

चारैतिर ठूला नाग, रक्षा मण्डपको गर ।
गुह्येश्वरी यसैभित्र, न मूर्ति, न त मन्दिर ॥

। ४५ ।

अनन्त कुण्ड ढाकिन्छ, चाँदीको पूर्ण कुम्भले ।
साथमा सुनको ढिस्को, पूजा भैरवनामले ॥

। ४६ ।

प्रचण्ड चण्डिको पूजा, कुण्डमा हुन्छ वैदिक ।
महाकाली, सती, दुर्गा, पार्वती शुद्ध सात्त्विक ॥

। ४७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तका भाव जस्तै नै, तन्त्रका विधिले पनि ।
पूजा हुन्छ जगन्माता, करुणासिन्धु पावनी ॥
। ४८ ।

कर्माचार्य सदा गर्छन्, नित्य पूजा र आरति ।
गुह्येश्वरी गभीराक्षि, जलरूपा निराकृति ॥
। ४९ ।

भोलाले नै गर्न थाले र लीला ।
साँचो जस्तो लाग्न जाने झमेला ॥
आफू आत्मा के उनी गर्दथे रे ।
मायालाई मोहमा पार्दथे रे ॥
। ५० ।

-हरिः ॐ तत्सत्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थ सोपान

(क) शिवको कैलाश त्याग र श्लेष्मान्तक विहार

दया, कृपामा शिव आशुतोष हुन् ।
जे खोज्दछन् भक्त दिने उनै त हुन् ॥
उद्धार गर्नाकन लिङ्ग धारण ।
अलिङ्ग हुन् है शिव शुद्ध चेतन ॥

। १ ।

श्लेष्मान्तक विहारी रे, पहिले पशुका पति ।
सुनका मृग भै लीला, गर्थे जङ्गलमा कति ॥

। २ ।

ब्रह्माका लोकमा चिन्ता, भयो रे शिवलोकमा ।
छैनन् रे शिव के गर्ने, कैलाश र हिमालमा ॥

। ३ ।

गयो त्यही समाचार, तत्काल विष्णुलोकमा ।
ब्रह्मा, विष्णु सबै निस्के, पार्वती-पति खोजमा ॥

। ४ ।

स्वभाव शिवको त्यस्तै, एक दिन अचानक ।
जुरुक्क उठी निस्केछन्, घटना भो भयानक ॥

। ५ ।

पार्वती पीरले गौरी, काली-नीली भईसकिन् ।
यत्र, तत्र र सर्वत्र, खोजिन् तर निराश छिन् ॥

। ६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकालोक सबै खोजे, सबैले सब ठाउँमा ।
पठाए दूत सर्वत्र, पहाड, वन, गाउँमा ॥
। ७ ।
धरा र कन्दरा खोजे, पानी, आकाशमा पुगे ।
'शिव ता सृष्टिमैं छैनन्'- भन्दै सम्पूर्ण फर्किए ॥
। ८ ।
इन्द्रादि साथमा विष्णु, ब्रह्माजी, शिव-खोजमा ।
ने मुनि पालना गर्ने, पुगे नेपाल देशमा ॥
। ९ ।
श्लेष्मान्तक थियो भव्य, घना सुन्दर जंगल ।
फलफूल, लतावृक्ष, पशुपक्षी सुमङ्गल ॥
। १० ।
बथान मृगको बीच, सुनौला मृग एक छ ।
एक सिङ्गे, महाकाय, लीला, खेल विचित्र छ ॥
। ११ ।
शिवका गणले पैले, ब्रह्माले, विष्णुले चिने ।
शिव, शंकर, भोलाको, चालले, तेजले चिने ॥
। १२ ।
सिद्ध, ज्ञानी र योगींका, तपस्वी, भक्तसाथमा ।
खेलने, उफ्रने भव्य, शिव ता मृग-गाथमा ॥
। १३ ।
ब्रह्माले, विष्णु, इन्द्रैले, समाते मृगको सिङ ।
बलले भाँचियो श्रृङ्ग, लुप्त भो सुनको मृग ॥
। १४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रको हातको टुक्रा, इन्द्रकै लोकमा पुग्यो ।
अर्को पातालमा गो रे, विष्णुको हात जो थियो ॥

। १५ ।

गोकर्णेश्वर भो तेस्रो, ब्रह्माले स्थापना गरे ।
गया उत्तरको तीर्थ, पितृ मुक्त हुने अरे ॥

। १६ ।

(ख) ज्योतिर्लिङ्गको प्राकट्य

मृग उफ्री पुग्यो पारि, बाग्मतीमा किनारमा ।
ज्योतिर्लिङ्ग त्यहीं निस्क्यो, शिवसाकार रूपमा ॥

। १७ ।

त्यहीं नै कामधेनूले, दूग्धधारा बगाउँछिन् ।
पशुका पतिले साक्षात्, दिए दर्शन भन्दछन् ॥

। १८ ।

त्यही नै स्थानमा आज, ज्योतिर्लिंङ्ग स्वरूपमा ।
विराजमान छन् शम्भु, धरामा मुखलिङ्गमा ॥

। १९ ।

अन्यत्र विश्वमा छैन, मुखलिङ्ग कतै पनि ।
यस्तै मन्दिर, पूजा ता, सृष्टिमैं छैन, छैन नि ॥

। २० ।

नेपाल हिन्दुको राज्य, सृष्टिका आदिदेखि नै ।
धन्य, धन्य बनेको छ, पशुका पतिबाट नै ॥

। २१ ।

६०१
१८१३
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) मुखलिङ्ग

पशुका पति हे नाथ ! मुखलिङ्ग महेश्वर !
विश्वमा एक मात्रै छौ, केदार-शिर ईश्वर !!
। २२ ।
शालग्राम-शिला ज्योतिर्लिङ्गमा मुख चार छन् ।
पाँचमुख शिरोभाग; तपस्वी मात्र देख्तछन् ॥
। २३ ।
ठूला, साना र झन् साना, नन्दी पश्चिममा बसी ।
पश्चिमाभिमुखी सद्योजात हुन्छन् बडो खुशी ॥
। २४ ।
बसे उत्तरमा वामदेव ता पूर्वमा मुख ।
तत्पुरुषेश्वर योगीश, अघोर दक्षिणामुख ॥
। २५ ।
ईशान शिरका देव, महाकाल उँधोमुख ।
सर्वत्र मुखका स्वामी, भक्तलाई दिने सुख ॥
। २६ ।
श्रीयन्त्र शिरमा लेखी, उमाको अर्चना हुने ।
रुद्राभिषेकले नित्य, पशुका पति पूजिने ॥
। २७ ।
कुनै गोप्य कुनै खुल्ला, पूजा वैदिक, तान्त्रिक ॥
नेपाल राष्ट्रका देव, शान्ति, सत्धर्म रक्षक ॥
। २८ ।
दक्षिणांभट्ट पूजारी, भण्डारी छन् सहायक ।
निष्काम भावले पूजा, भए कल्याणदायक ॥
। २९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) शैवपरम्परा

श्रीशैव राजा शिवराजधानी ।
थियो, छ ऐले शिवकै बिहानी ॥
आफू चिनेमा अति भाग्यमानी ।
नेपाल चोखो शिवकै सिरानी ॥
। ३० ।

भूपाल गोपाल विशाल भूमि ।
किरात वा लिच्छवि मातृभूमि ॥
जो जो भए मल्ल र शाह राजा ।
प्रजा सबैका शिव देव साझा ॥
। ३१ ।

बाँचे सबै धर्मसहिष्णुतामा ।
सद्भाव सेवार्चन एकतामा ॥
भएन कैल्यै इतिहासमा रे ।
विवाद रे धार्मिक प्रश्नमा रे ॥
। ३२ ।

मिलीजुली यो धरती सिंगार ।
दुःखीहरूमाथि दया, विचार ॥
कल्याण गर्ने शिव माथमा छन् ।
प्रपन्न मात्रै बन साथमा छन् ॥
। ३३ ।

दशै दिशामा शिव दृष्टि दिन्छन् ।
विद्या र सम्पत्ति दिने उनै हुन् ॥
संहार गर्ने भय, भाव भर्ने ।
पापीहरूको पनि पाप हर्ने ॥
। ३४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरागले वा तप, साधनाले ।
यो जीव नै हो शिव चिन्तनाले ॥
श्रद्धा भए बुझ्न सकिन्छ सार ।
शिवात्मले जीवन यो उतार ॥
। ३५ ।

हिंसादि ता वैदिक कर्म हैन ।
यो क्षेत्रमा ता बलि गर्नु हुन्न ॥
भोला महावैष्णव शैव देव ।
पूजा हुने सात्त्विक, शुद्ध एव ॥
। ३६ ।

तथापि गर्छन् बलि ता बलीले ।
जाली र झेली अथवा छलीले ॥
आचार, आधार, प्रमाणहीन ।
प्राणीहरूमा समभाव छैन ॥
। ३७ ।

परम्परा रे तर भाव दुष्ट ।
काटेर, रेटेर हुँदैन शिष्ट ॥
खाने स्वयं रे निहुँ देवताको ।
के धर्म हो यो ? न यता, उताको ॥
। ३८ ।

मांसादि, मद्यादि निषिद्ध क्षेत्र ।
हिंसादिले हुन्न हरे पवित्र ॥
यो भावनाको शिवबीज रोप ।
आनन्द वर्षा शिवका समीप ॥
। ३९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो उत्तराखण्ड हिमाल देश ।
कैलाश हो यो शिवको विशेष ॥
सन्तोष औ शान्ति सदा त्यहाँ छ ।
प्राकट्य भो ज्योति प्रभा जहाँ छ ॥
। ४० ।

अत्यन्त प्राचीन परम्पराको !
यो वैदिकी पद्धति अर्चनाको ॥
खुशी हुने रे जलधार पाए ।
कि वेलपत्रादि स्वयं चढाए ॥
। ४१ ।

हे रुद्र ! श्री शंकर ! आशुतोष ।
भनी पुकारा गर भाव शेष ॥
प्रसन्न बन्ने शिव ज्ञानदाता !
सम्पत्ति वा शक्ति, प्रमा प्रदाता ॥
। ४२ ।

सौर्यादि वा शाक्त र वैष्णवादि ।
सम्पूर्णको ऐक्य हुने शिवादि ॥
धर्मादि वा दर्शन एकतामा ।
अभिन्न माता-शिव सत्यतामा ॥
। ४३ ।

अनादि यो सृष्टि अनन्तसम्म ।
चल्ला न चल्ला घटना अचम्म ॥
परम्परा यो शिवले चलाए ।
ज्ञानाग्निले भ्रान्ति सबै जलाए ॥
। ४४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अटाउने चिन्तन, वेद सारा ।
उदारताले शिव, शैव धारा ॥
नवीन, प्राचीन परम्परामा ।
विज्ञान वा ज्ञान छ यो धरामा ॥
। ४५ ।

ब्रह्माण्डमा व्यापक शैव-शास्त्र ।
वेदादि वा आगम, तन्त्र, मन्त्र ॥
विद्या सबै नै यसमा अटाए ।
शिवार्चनाले धरती पटाए ॥
। ४६ ।

संन्यास, लिङ्गायत वा किरात ।
नागादि, वर्णाश्रम देश, जात ॥
सम्पूर्णमा व्यापक शैव मात्र ।
शिवार्चना एक अनन्त गात्र ॥
। ४७ ।

उदार पानी, वटवृक्ष छाया ।
हिमाल वा सूर्य र मातृमाया ॥
सीमान्त रेखा पनि भेर्टिँदैन ।
अजस्र धारा शिव रित्तिदैन ॥
। ४८ ।

श्रीशम्भुको शक्ति, कृपा, दयाको ।
दृष्टान्त नै छैन स्वयं उदाको ॥
वाणी बिना ज्ञान सदा समाधि ।
अनन्त शान्ति शिव हौ अनादि ॥
। ४९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीशम्भुले स्वयंभूले, अनादिकाल रक्षित ।
पवित्र, पुण्य भूमि यो, शिवात्मभाव भावित ॥
। ५० ।
विशुद्ध शान्ति चाहने, सुशान्त देशका जन ।
हिमालझैँ विशाल छन्, नेपालमैँ समर्पण !!
। ५१ ।
आत्मा शुद्ध बनोस् ! विशाल मन होस् ! भोला बनून् दाहिना !
प्राणीमा समभाव, शान्ति, सुख होस् ! बाँकी नहून् चाहना !!
नेपाली सब साधनारत भई विज्ञानको ज्ञानको ।
साक्षात्कार गरौँ सदा मिलिजुली एकात्मको भावको ॥
। ५२ ।

– हरिः ॐ तत्सत् –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चम सोपान

(क) धर्म समन्वय: अनेकतामा एकता

नेपालीको तन, मन अहा ! शुद्ध निष्काम बन्छ ।
आफ्नो आत्मा परमप्रभुमा राख है शास्त्र भन्छ ॥
अर्काकोमा मन यदि गए पापको हुन्छ भागी ।
सक्छौ देऊ यदि नसकने छौ नलेऊ न दागी ॥

। १ ।

सनातनी तथा बौद्ध, किरात, जैन, सिक्ख हुन् ।
नेपाल भूमिमा सारा, एकताबद्ध हिन्दु छन् ॥

। २ ।

भेदभाव यहाँ छैन, बौद्धले शिव मान्दछन् ।
तेरो, मेरो उतै होला, यहाँ सब अटाउँछन् ॥

। ३ ।

अनेकता उतै होला, उता ता एकता कता ?
यता ता एकता मात्रै, हिन्दू-हिन्दू जता-तता ॥

। ४ ।

धर्ममा झगडा छैन, थिएन कहिल्यै पनि ।
इतिहास उज्यालो छ, धर्म, कर्म सनातनी ॥

। ५ ।

शिव-मन्दिरमा पूजा, बौद्ध, जैन र सिक्खले ।
शुद्धात्मा यहीं देखिन्छ, श्रद्धा, भक्ति र प्रेमले ॥

। ६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो हो पशुपति क्षेत्र, यहाँ सब समान छन् ।
शिवका दृष्टिमा भेद, छैन है शास्त्र भन्दछन् ॥

। ७ ।

विश्वमा एक मात्रै यो, नेपाल हिन्दुराज्य हो ।
राजा र जनको राज, सनातन स्वतन्त्र यो ॥

। ८ ।

'शान्ति क्षेत्र' यही नै हो, पशुका पति पालित ।
हाम्रो सर्वस्व हो धर्म, 'धर्मो रक्षति रक्षितः' ॥

। ९ ।

यो लोक परलोकैमा हुने आनन्द भक्तिले ।
शिवको भक्त नै मुक्त, हुन्छन् अद्वैत ज्ञानले ॥

। १० ।

आजीवन गरे सेवा, शिवको, शिवभक्तको ।
दुःखी, अनाथ, रोगीको, अपाङ्ग, असहायको ॥

। ११ ।

शिवका गण हुन् कोही, कोही, ता शिवभक्त हुन् ।
शिवसान्निध्यमा बस्ने, संन्यासी, साधु, सन्त हुन् ॥

। १२ ।

सबै हुन् शिवका भक्त, आधार शिव-आश्रय ।
शरणागतको रक्षा, हुन्छ कल्याण निश्चय ॥

। १३ ।

यहाँ गाई र साँढे ता खान्छन्, घुम्छन् यता-उता ।
परे-वा-नर सेवाले, पाएका छन् स्वतन्त्रता ॥

। १४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मकै, धान र अन्नादि, भण्डारा नित्य चल्दछ ।
श्रद्धालु भक्त छन् त्यागी, त्यागले शान्ति फल्दछ ॥

। १५ ।

पशु-पक्षी रमाएको, खाएको अति सुन्दर ।
दिने, खाने दुवै व्यस्त, दिव्य दृश्य मनोहर ॥

। १६ ।

संन्यासी, साधु योगी छन्, शिवका गणरूपमा ।
तपोमय बिताएर, जीवनी, जप-योगमा ॥

। १७ ।

हाम्रा पूर्वजले पूजा, चलोस् देवी र देवको ।
युगौँयुग भनी राखे, गुठी धर्म र कीर्तिको ॥

। १८।

पुर्खाको कीर्तिको स्तम्भ, मन्दिर, अखडा, खडा ।
पूजा-आजा र भण्डारा, शिवभक्त ठुला, बडा ॥

। १९ ।

विहार, स्तूप छन् चैत्य, चलाए धर्म-आश्रम ।
धन्य ! धन्य ! बनेका छन्, गरी सर्वस्व अर्पण ॥

। २० ।

अभिलेख हजारौँ छन्, गुठीका दानपत्र रे ।
धर्म, संस्कृति, अध्यात्म, इतिहास यता छ रे ॥

। २१ ।

संग्रहालय यो खुल्ला, प्राचीन इतिहासको ।
हिन्दु चिन्तनको प्राण, आत्मा जीवित जातिको ॥

। २२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा, मन्त्री थिए दानी, चलाचल सबै धन ।
सर्वस्व दान गर्थे रे, धर्म-रक्षातिरै मन ॥

। २३ ।

मनले, तनले धर्म, धनले धर्म गर्दथे ।
'मर्दामा साथ लाने ता धर्म हो' यत्ति भन्दथे ॥

। २४ ।

गरौँ धर्म सकेसम्म, धर्मकै ढुकुटी भरौँ ।
कमाएजत्ति सम्पत्ति, दान, त्याग अझै गरौँ ॥

। २५ ।

थियो पवित्र विश्वास, धर्ममा, उपकारमा ।
पुर्खाकै धर्मले आज, हाम्रो, अस्तित्व विश्वमा ॥

। २६ ।

(ख) केही कृति, केही विकृति

विश्वको सम्पदाभित्र पुरातात्त्विक मान्यता ।
अझैसम्म रहेकै छ, काठ, इँट्टा र शिल्पता ॥

। २७ ।

विहार, चैत्य छन् राम्रा, लिङ्ग, देवल, सत्तल ।
भग्नावशेष छन् केही, केही आवास, भूतल ॥

। २८ ।

जीर्णोद्धार गरेकै छ कोषले, अल्पजोशले ।
'योजना गुरु' गर्दैछन्, भविष्य बन्छ होसले ॥

। २९ ।

राजा, रानी जुटेकै हुन्, सरकार सचेत छ ।
जनता शुभ होस् भन्छन्, तैपनि गति मन्द छ ॥

। ३० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको हेतु स्पष्टै छ-अस्थिर भो प्रशासन ।
मन्दिर, कोष आदिमा, छैन रे अनुशासन ॥
। ३१ ।
भोले बाबा सधैँ नाङ्गा, मालामाल बने अरु ।
विदेशमा पुगे हुन्छ, हाम्रो सम्पत्ति रे बरु ॥
। ३२ ।
यस्तै रे संस्कृति हाम्रो, यो रे न्याय परम्परा ।
शिवस्व खान पल्केका, फलाक्छन् बबुरा बरा !!
। ३३ ।
'व्यवस्था अझ राम्रो होस्' भन्ने लक्ष्य र हेतुले ।
सेवाले शिवमा भक्ति मिलाओस् धर्मसेतुले ॥
। ३४ ।
सयौँ वृद्धहरू बस्छन्, पंचदेवल सत्तल ।
पैसाले किनियो धर्म, बागमती ढलको मल ॥
। ३५ ।
व्यापार राजनीतिको, धर्म,अर्थ र कामको ।
हरे ! पसल, भट्टीले क्षेत्र भो वदनामको ॥
। ३६ ।
भण्डारखालको बाग फूल, वृक्ष हराभरा !
तर विकृति बोकेर, बन्यो रे यो कठैबरा !!
। ३७ ।
बाँझो, पर्ती सबै खाए, रातारात बने घर ।
बागमती ढल बोकाए, अस्तित्व अब के छ र ?
। ३८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आस्था ध्वस्त बनाएर, अर्को धर्म प्रचारमा ।
राजनीति बन्यो हावी, पाटी, मन्दिर क्षेत्रमा ॥
। ३९ ।

ढुङ्गे धारा थिए धेरै, पोखरी पुरिए अरे ।
इनार ता अझै केही, पुष्पबाग कतै सरे ॥
। ४० ।

धर्मशाला छ गौशाला, वनकाली दुवैतिर ।
सामान्य सुविधा मिल्छ, पाटी; पौवा बने घर ॥
। ४१ ।

आर्यघाट उता पारि, पन्ध्र ओटा शिवालय ।
गोरा अतिथिले हेर्ने, 'ब्यूटिफूल' क्रिडास्थल ॥
। ४२ ।

ऐन, कानुन वा नीति, अथवा गुरुयोजना ।
जसरी होस् गरौँ भन्ने भक्तको शुभ-कामना !!
। ४३ ।

सुधार वा परिष्कार, संस्कार, परिवर्तन ।
अवश्य चाहिएकै छ, क्षेत्रमैं नव चिन्तन ॥
। ४४ ।

'हुँदैछ'- भन्दछन् किन्तु, निर्माण छैन प्रायः भो ।
पाटीमा दृष्टि पार्टीको, भेटीमा सब भेट भो ॥
। ४५ ।

झोलाका नामले होला, तलामा थपियो तला ।
नाङ्गा, पुड्का बने बाबा !- जागृति अब आउला ॥
। ४६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवका राज्यमा बस्ने, शिव बन्ने उपेक्षित ?
कस्तो यो कानुनी राज्य ? के यस्तै हुनुहुन्छ त ?

। ४७ ।

अन्याय भो सबै जागौँ, शिवक्षेत्र समर्पित ।
थियो फेरि बनाऔँ लौ ! विश्वमा नै प्रतिष्ठित ॥

। ४८ ।

भोटको राजनीतिले, क्षेत्र नै बिट्टुलो भयो ।
शिवका नाममा खाने, शिव आस्था कता गयो ?

। ४९ ।

गन्धा धन्दा भयो राज-नीति ता स्वार्थमा छ रे ।
नेता र जनतालाई, देऊ सद्बुद्धि हे हरे !!

। ५० ।

लोभमा, मोहमा पारी, पैसाले धर्म नै किने ।
मुर्दा, चिहानको राज-नीति ता सबले चिने ॥

। ५१ ।

राजनीति सबै गर्ने, वन, वानर वा नर ।
पुजारी, कर्मचारी वा भण्डारी, धन-ईश्वर ॥

। ५२ ।

लासको राजनीति भो, मसान र चिहानमा ।
पूजा भेटी हुने भेट, भीड, भक्ति बिहानमा ॥

। ५३ ।

व्यभिचार यहीँ हुन्छ, धनमा, तन, मानमा ।
सुविचार यतै हुन्छ, शिव-शक्ति सुधारमा ॥

। ५४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कला, साहित्य, संगीत, साधना, योग याचना ।
शिवसान्निध्यमा हुन्छ, राजनीति विवेचना ॥

। ५५ ।

धर्मका निहुँले गर्छन्, कठै ! शोषण, भक्षण ।
विवेकी गर बेलैमा, निरीक्षण, परीक्षण ॥

। ५६ ।

प्रशासन यहाँ हुन्छ, चौतर्फी अनुशासन ।
सरकार, गुठी, कोष, दरबार त दर्शन ॥

। ५७ ।

बडाको र वडाको त, क्रीडास्थल रमाइलो ।
उग्राएर कुरा काट्न, कैलाश नै घमाइलो ॥

। ५८ ।

अनैतिक गरी जम्मा गरेको धन, मान खै ?
यमराज दिने दण्ड, पापी दुष्ट तँलाइ नै ॥

। ५९ ।

सोचे है काम गर्दामा, मर्नुपर्छ अचानक ।
मसानमा कहाँ शान भष्मेश्वर भयानक !!

। ६० ।

पाखा, पर्वत, देश नै झिलिमिली पार्नै परेको छ है ।
हाम्रो धर्म र धारणा, धन उँभो लानै परेको छ है ॥
सिङ्गो राष्ट्र बनाउने प्रण गरौँ स्वार्थान्धता नष्ट होस् !
खोज्ने रे अधिकार मात्र अब ता कर्तव्य ता स्पष्ट होस् !!

। ६१ ।

-हरिः ॐ तत्सत्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षष्ठ सोपान

(क) मेला- पर्वहरू

बोकी आश र त्रास, वास बिचरा, संसारकै भासमा ।
पाई दुःख अनेक योनि घुमियो यो सृष्टिकै रासमा ॥
मे मे वा ममता भनी जब मऱ्यो मोहान्धकै रातमा ।
मान्छे हो वरदान, साधन प्रमा सम्झे छँदै साथमा ॥

। १ ।

ठूला मेला यहीँ चल्छन्, बेला बखत पर्वमा ।
शनि, एकादशी, सोम, भव्यता हुन्छ पूर्णिमा ॥

। २ ।

एकादशी दुई ठूला, मार्गकृष्ण चतुर्दशी ।
पितृउद्धार सत्‌बीज, छर्ने बालाचतुर्दशी ॥

। ३ ।

माघ, कार्तिकमा स्नान, यात्रा देवी र देवका ।
ठूलो मेला हुने भीड, भव्यता हरितालिका ॥

। ४ ।

भारतीहरूको भीड, दशैँताका निकै हुने ।
त्यस्तै नै शिवरात्रीमा, शिवकै क्षेत्र रङ्गिने ॥

। ५ ।

अन्य पर्वादिमा भीड, नेपालीहरूकै हुने ।
संप्रदाय सबै मार्गी, शिव साझा सुपूजिने ॥

। ६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीजको दृश्य बेजोड, नेपाली नारी धन्य हुन् !
निराहार बसी आफ्ना आराध्य शिव पुज्दछन् ॥

। ७ ।

लुगा, श्रृंगारले धप्प ! गहना झल्झलाउने ।
रातो, सौभाग्य शोभाले, क्षेत्र नै मग्मगाउने ॥

। ८ ।

राष्ट्रकै नारी सौन्दर्य, एकै साथ यतैतिर ।
आएको हो कि जस्तो छ, शिव-दर्शन खातिर ॥

। ९ ।

देखिन्छन् नारी सम्पूर्ण, प्रसन्न मुख माधुरी ।
नाच, गान र जाग्राम, रात नै दिनझैँ गरी ॥

। १० ।

शिवगंगा उता पारि, मृगस्थली, ध्रुवस्थली ।
श्लेष्मान्तक मिठो नाम, तपोवन क्रिडास्थली ॥

। ११ ।

गोरक्षनाथ मन्दिर, साथमा मनकामना ।
विश्वरूप नजिकै छन्, विशालकाय कल्पना ॥

। १२ ।

किनार शिव गंगाको रामघाट प्रसिद्ध छ ।
रामको-विष्णुको भव्य मूर्ति दर्शन दिव्य छ ॥

। १३ ।

भष्मेश्वर यता वारि, चिताको भष्म धारण ।
युगौंदेखि गरी आए, शिवले शव तारण ॥

। १४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चितामा दाहसंस्कार, ताँती लाग्छ कुनै दिन ।
चोला, लीला, कथा, गाथा, भष्म हुन्छ कुनै छिन ॥

। १५ ।

अभिमान कति गर्छौ ? धनको, शक्ति, मानको ।
एक दिन सबै छोडी, तयारी गर जानको ॥

। १६ ।

(ख) शिवरात्रि

जात्रा-मात्रा चलेकै छ, चाड पर्वादिका दिन ।
रुद्राभिषेक, जाग्राम, दीप प्रज्वल, कीर्तन ॥

। १७ ।

शिवरात्रि महापर्व, तीर्थ-यात्री र भक्तले ।
यो क्षेत्र हुन्छ गुल्जार, व्यापार, धर्म-कर्मले ॥

। १८ ।

नेपाली भक्तका साथै, भारती प्रान्त-प्रान्तका ।
योगी, संन्यासी, नागाको, घुँइचो लाग्छ वेपता ॥

। १९ ।

बजार लाग्छ अस्थायी, भीड हुन्छ सबैतिर ।
समाजसेवी, सर्कार, सेवाखातिर तत्पर ॥

। २० ।

धुनी जगाउने जोगी, शिवकै अर्चना गरे ।
भण्डारा भव्य नै हुन्छ, खुशी को नहुने छ रे ॥

। २१ ।

सबै प्रसन्न छन् जोगी, गृहस्थी, बाल-बालिका ।
विदेशबाट आएका, भोका रे धन, धर्मका ॥

। २२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधु स्वागत सत्कार, बिदाइ विधिले हुने ।
फलाहार, निराहार गरेमा, पाप धोइने ॥

। २३ ।

देऊ रे दाउरा भन्छन्, जाडो भो शिवलाइ रे ।
दाउरा गर्दछन् जम्मा, केटाकेटी रमाइ रे ॥

। २४ ।

साँझदेखि धुनी दन्क्यो, जाडो र तम फालियो ।
प्रसाद हलुवा खाई, पाप सारा पखालियो ॥

। २५ ।

शिवरात्रि महारात्रि, आजकै पुण्य पर्वमा ।
प्रादुर्भाव भयो ज्योतिर्लिङ्गको मध्यरात्रिमा ॥

। २६ ।

घनघोर अँध्यारो छ, कृष्णपक्ष चतुर्दशी ।
उदायो ज्ञानको ज्योति, हट्यो अज्ञान तामसी ॥

। २७ ।

अँध्यारो टिक्न के सक्थ्यो ? शिवका ज्ञान-ज्योतिमा ।
कल्याण, कान्ति, आनन्द, शान्ति है शिवरात्रिमा ॥

। २८ ।

शिवमा रात्रि नै छैन, उदाए शिव रात्रिमा ।
झलमल्ल उज्यालो छ, शिवमा, ज्योतिलिङ्गमा ॥

। २९ ।

(ग) सामाजिक सेवा

पशुका पतिको मार्ग, गौशालादेखि नै तल ।
सयौँ मागने र रोगीले माग्छन् पैसा र चामल ॥

। ३० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोका, अपांङ्ग, नाङ्गा छन्, रोगी, जोगी, लडा, खडा ।
माग्ने लस्कर देखिन्छन्, लुला, अन्धा र लङ्गडा ॥

। ३१ ।

शिवका गण हुन् माग्छन्, सक्नेले दिनु पर्दछ ।
उपकार गरौं त्याग, दुःखीको आँसु पुछ्नु छ ॥

। ३२ ।

पशुका पति छन् व्याप्त, प्राणी प्रत्येकमा ममा ।
आफूजस्तै अरूलाई, देख्नै पर्दछ सृष्टिमा ॥

। ३३ ।

लेख, भाषणमा ईश, छैन रे मात्र मूर्तिमा ।
निष्काम भाव, सेवामा, छ है मूर्त, अमूर्तमा ॥

। ३४ ।

न्याय, सेवा, दया, दान, अहिंसा, ईशवास हो ।
सच्चा भक्त सबैलाई, समान देख्न सक्छ जो ॥

। ३५ ।

भक्त ता आर्त, दुःखीमा ईश-दर्शन गर्छ है ।
भक्तिका फलले भक्त, सदा हुन्छ प्रसन्न है ॥

। ३६ ।

पंचदेवलमा एक 'वृद्धआश्रम' नामक ।
संस्थामा बस्दछन्, खान्छन् निराश्रित, अयाचक ॥

। ३७ ।

शिवपंचाक्षरी जप्छन्, भोलाकै शरणागत ।
पर्खेर अन्त्यको शान्ति, भक्तिले शिवभावित ॥

। ३८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) यस क्षेत्रका अन्य देव-देवीहरू

जयवागेश्वरी जाग, भक्ति होस् भुवनेश्वरी ।
दक्षिणामूर्तिको पाउ, पर ईश्वर, ईश्वरी ॥
। ३९ ।

शिवकै क्षेत्र यो दिव्य, विष्णु, सूर्य सहायक ।
सिद्धि, मंगलका दाता, राम्रा रक्त-विनायक ।
। ४० ।

परेवाले दिने शोभा, बाग्मती, वन, बागले ।
सजीव धर्मको क्षेत्र, गर्छ वा-नर आदिले ॥
। ४१ ।

दशै दिशा गरेका छन्, रक्षा देवी र देवले ।
शिवका गण भूतादि, तन्त्रले, वेदमन्त्रले ॥
। ४२ ।

गंगा र यमुना देवी भारती, बत्सलेश्वरी ।
राजराजेश्वरी माता, गुह्येश्वरी, ब्रजेश्वरी ॥
। ४३ ।

वनकाली, उमा, गौरी, दुर्गा, दक्षिणकालिका ।
भुक्ति, मुक्ति दिने शक्ति, भक्तमा भक्तिमालिका ॥
। ४४ ।

मंगला, बत्सला, बाला, शीतला, श्री र शैलजा ।
विश्वरूपा, छिन्नमस्ता, लक्ष्मी, वाणी र मोक्षदा ॥
। ४५ ।

किरातेश्वर, रुद्रेश, भष्म, गुप्त, मृगेश्वर ।
गोरक्षेश्वर, यज्ञेश, चौसट्टी लिङ्ग ईश्वर ॥
। ४६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढुण्डिराज गणाधीश, कीर्ति, उन्मत्त भैरव ।
वासुकी, हनुमान्, नन्दी, मातृपूजा, नवग्रह ॥
। ४७ ।
विश्वकै हिन्दुको आस्था, आराध्य राष्ट्रदेव हुन् ।
नीलकण्ठ, महापीठ, ज्योतिर्लिङ्ग महेश हुन् ॥
। ४८ ।
सर्वेश, शिव, योगेश, योगीश, आशुतोष हे !
तन्त्र, मन्त्रेश, यात्रेश, नागा, नाथेश, शम्भु हे !!
। ४९ ।
यता लिङ्ग उता तीर्थ, त्यता मूर्ति जता-तता ।
शिव-मन्दिरको देश, तेत्तीसकोटि देवता ॥
। ५० ।
शिव-मन्दिर यो साझा, शैव, वैष्णव, बौद्ध ता ।
सहिष्णुता छ ॐ कार, परिवार छ एकता ॥
। ५१ ।
नमुना एक मात्रै छ, यस्तो यो स्वर्ण-मन्दिर ।
सुवर्णमय यो नन्दी, विशाल, भव्य, सुन्दर ॥
। ५२ ।
भैरवादि, गणेशादि, सूर्य, देवी र देवको ।
हजारौं लिङ्गको क्षेत्र, घाट, मन्दिर, मूर्तिको ॥
। ५३ ।
यो सानो शिव देश, पावन धरा पारौँ हरा उर्वरा ।
यो जीवन्त र वीर जाति भनिने सूरा दरा पाखुरा ॥
ब्रह्मात्मा बुझ ज्ञानबाहक थलो सर्वोच्च कैलाश हो ।
नेपाली जनकादिझैँ बन अहा ! हाम्रो यही आश हो ॥
। ५४ ।

-हरिः ॐ तत्सत्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तम सोपान

(क) धर्म-रक्षा

म बुद्ध हुँ हिमालको, विदेह-बोध वेद हो ।
स्वदेशमा म पाउने, अखण्ड शान्ति स्वर्ग हो ॥
म वीर जन्मजात नै घुँडा त टेक्न जान्दिन ।
न जाल झेलको कला, म देश बेच्न मान्दिन ॥
। १ ।
हामीले धर्मको रक्षा गरेमा धर्म रक्षक ।
धर्म लोप नहोस् बाबा ! पाप हुन्छ भयानक ॥
। २ ।
धर्म जागृतिका लागि, पूजा, मेला र पर्वको ।
सेवा, रक्षा हुनै पर्छ, रोगीको, असहायको ॥
। ३ ।
पाटी, सत्तल, पौवाको गुठी, देवी र देवको ।
संस्कृति, कीर्ति पुर्खाको, मूर्ति, मन्दिर, चैत्यको ॥
। ४ ।
परम्परा र संस्कार, आचार, अभिलेखको ।
रक्षा, यज्ञादिले कर्म, भक्ति, अध्यात्मज्ञानको ॥
। ५ ।
जीर्णोद्धार र निर्माण, विकास भौतिकी गरौँ ।
ज्ञानले, त्यागले हामी, अध्यात्मशान्ति लौ छरौँ ॥
। ६ ।
संरक्षक बने राजा, जनता हुन् जनार्दन ।
'धर्मको गर रक्षा लौ'- आमा नेपाल पावन ॥
। ७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेमा धर्मको रक्षा, रक्षा गर्दछ धर्मले ।
भयो सफल यो जन्म, भक्ति, ज्ञान र कर्मले ॥
। ८ ।
सनातन यही धर्म, मोक्षमा नै पुऱ्याउने ।
शास्त्रोचित गरे कर्म, ज्ञानले मुक्ति पाउने ॥
। ९ ।
साकार मूर्तिको पूजा, सेवा, सत्संग, ध्यानले ।
शास्त्र-चिन्तनले चित्त, शुद्ध हुन्छ प्रयत्नले ॥
। १० ।
कर्मले शुद्ध भो चित्त, भक्तिले त विशुद्ध भो ।
ज्ञानले चित्त चैतन्य, जन्म, मृत्यु विमुक्त भो ॥
। ११ ।
जानै पर्छ सबैले नै, सबैको यही हो गति ।
राजा, रंक समानै छन्, पुत्र, पत्नी, पिता, पति ॥
। १२ ।
कालका दृष्टिमा कत्ति, पक्षपात हुँदैन है ।
ढिलो, चाँडो सबैलाई, कालैले लान्छ, खान्छ है ॥
। १३ ।
त्यसैले गर सत्कर्म, जिन्दगी भर के छ र ?
जाने ता साथ धर्मै हो, शिवको चिन्तना गर ॥
। १४ ।
हिंसा, शोषण, अन्याय, पापदेखि परै सर ।
उपकार, दया, धर्म, त्याग, दान तिमी गर ॥
। १५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) श्रीपशुपतिक्षेत्र विकास कोष

'पशुका पतिका क्षेत्र विकास कोष' स्थापना ।
भयो धर्म, विकासार्थ, राष्ट्रकै शुद्ध भावना ॥
। १६ ।
कोषको स्थापनाभित्र ठूलो उद्देश्य साथ छ ।
निर्धारित भयो क्षेत्र, कार्य, भाव पवित्र छ ॥
। १७ ।
संरक्षक स्वयं राजा, रानी अध्यक्ष राज भो ।
शिक्षा, संस्कृति मन्त्रीज्यू, उपाध्यक्ष विराज भो ॥
। १८ ।
गण्यमान्य सदस्यादि, मनोनीत, पदेन छन् ।
कानुनी मान्यता प्राप्त, संस्थाको लक्ष्य स्पष्ट झन् ॥
। १९ ।
चौधै अञ्चलमा पुग्दै, कोषका दूत घुम्दछन् ।
भिक्षा मागेर ल्याएर, कोषको वृद्धि गर्दछन् ॥
। २० ।
आरम्भमा सबैको यो, आस्थाको केन्द्र नै बन्यो ।
'विकास हुन्छ यो क्षेत्र', पक्का विश्वास यो थियो ॥
। २१ ।
बान्हौँ वर्ष बिते दिव्ये, तर उल्लेख्य के भयो ?
जनता, भक्तको ठूलो, प्रश्नचिह्न खडा भयो ॥
। २२ ।
प्रशासन भयो निर्धो, पाएन प्रेम कोष ता !
आफू नाङ्गो बसी दिन्छन्, सन्तोष आशुतोष ता ॥
। २३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजनीति पस्यो गन्धा, स्वार्थ हावी भयो हरे !
भोलाको भोट पाएर, नेता मोटा भए भरे ॥
। २४ ।
कोषका नाममा भोला, भर्ने दुष्ट, अशिष्ट हुन् ।
'कोष खोस्न भनी आयो' भन्ने शोषक भ्रष्ट हुन् ॥
। २५ ।
अगाडि कोष राखेर, आफ्नै पालन, पोषण ।
सुविधा, भोगको लिप्सा, गर्छन् सेवक शोषण ॥
। २६ ।
सर्वाङ्गीण विकासार्थ, बनेको गुरुयोजना ।
दीर्घ-सूत्री ! शुभाकांक्षी, लागु होस् ! शुभ-कामना !!
। २७ ।
यो ता धार्मिक हो क्षेत्र, धर्म होस् ! शुद्ध कर्म होस् !
अहिंसा, सत्य, होस् मान्य, मद्यमांस निषिद्ध होस् !!
। २८ ।
सदा शान्त, सदा शुद्ध, आध्यात्मिक, मनोहर !
धर्मभूमि, तपोभूमि, बनोस् अत्यन्त सुन्दर !!
। २९ ।
कोषबाट भएको छ, थुप्रै स्मारक रक्षण ।
सेवा र काम पाएर, हजारौँको सुरक्षण ॥
। ३० ।
भएकै छैन है भन्न, मिल्दैन तर थोर भो ।
राजनीति पसेकाले, धर्ममा पनि भोर भो ॥
। ३१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमान्ने भट्ट, भण्डारी, नियमादि विरोध रे ।
आफ्नै पेट भरे पुग्छ, शिव नाङ्गै बसून् अरे !!

। ३२ ।

यतैका कर्मचारीले हडताल गरे हरे !
कतिसम्म गरे माग–'कोष खारेज होस् !' अरे !!

। ३३ ।

(ग) शिव सगुण-निर्गुण

पशुका पति हुन् आत्मा, कर्म, धर्म र ध्यानका ।
ज्ञान, वैराग्यका ज्योति, सम्पत्ति, शक्ति, शान्तिका ॥

। ३४ ।

शिव कल्याणका रूप, सर्वत्र छन् सुपूजित ।
जीव यो शिव हो भन्ने, बोध वेदान्त भाषित ॥

। ३५ ।

वेदको सार हो ब्रह्म, बोध जीवन-सार हो ।
पशु-पाश विनिर्मुक्त, शेष सृष्टि असार हो ॥

। ३६ ।

अनादि कालको सर्ग, शान्त हुन्छ सुबोधमा ।
शान्ति संभावना छैन-भोग, भाषण, भ्रान्तिमा ॥

। ३७ ।

राष्ट्रदेव, महादेव, निगमागम देव हे !
तन्त्र, मन्त्र, महात्याग, विराग, योगराज हे !!

। ३८ ।

उद्धार गर प्राणीको, विश्वमा शान्ति नै छर ।
हिमाल पाल नेपाल, ज्ञान-विज्ञानले भर ॥

। ३९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुण, निर्गुण आधार, गुरुवेदान्त-वेद्य हौ ।
निर्विकार, निराकार, पूर्ण ब्रह्म परात्म हौ ॥
। ४० ।

भक्त कल्याणका लागि, साकार गुण भूषित ।
लीला, नाटक, सर्गादि, भोले नाग विभूषित ॥
। ४१ ।

वैरागी, भक्त वा योगी, साधु वा सन्त साधक ।
शिव सान्निध्यमा बस्छन्, पशुका पति रक्षक ॥
। ४२ ।

रोगी, माग्ने र व्यापारी, विद्यार्थी, गुरु, गायक ।
सारा भक्त पुगेका छन्, शिव कल्याण-कारक ॥
। ४३ ।

ज्ञानी, सिद्ध, महात्मा ता यतैतिर रमाउने ।
तपस्या, भक्ति, सत्संग, बोधले मुक्ति पाउने ॥
। ४४ ।

बुझ्नेमा मनमा देव, पूर्ण, मूर्त, अमूर्तमा ।
कहाँ छैन भनी खोज, सर्वत्र मिल्छ विश्वमा ॥
। ४५ ।

पट्टी बाँधेर आँखामा, खोजे तिम्रै शरीर ता ।
भेटिँदैन कठै बाबु ! देवता ता कता, कता !!
। ४६ ।

चर्म चक्षु त के देख्थ्यो ? भित्री आँखा खुल्यो भने ।
हुन्छ दर्शन आजै नै, अहिल्यै भ्रम गो भने ॥
। ४७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँखा खुल्छ भए भक्ति, शिवमा, शिवभक्तमा ।
निष्काम कर्मले भक्ति, कर्म हुन्छ विरागमा ॥
। ४८ ।
विराग हुन्छ संसारी वस्तुमा राग गो भने ।
पापले रागको वृद्धि, पुण्यले नाश भो भने ॥
। ४९ ।
श्रद्धाले पुण्य वा धर्म, त्यसैले धर्म-कर्ममा ।
लागेमा क्रमले ज्ञान, ज्ञानले पुग्छ मोक्षमा ॥
। ५० ।
परोपकार वा पुण्य, सेवा, सत्कर्म भो भने ।
विराग, त्याग वा ध्यान, भक्तिले ज्ञान नै हुने ॥
। ५१ ।
अपरोक्ष हुने ज्ञान, महावाक्य सुनेपछि ।
मुक्तात्मा धन्य भो चोला ! जन्म-मृत्यु हटेपछि ॥
। ५२ ।
आमा धन्य ! भइन् देश, धरती धन्य ! धन्य ! हुन् ।
ज्ञानी अमर भो कीर्ति, आएका जीवले बुझून् !!
। ५३ ।
हाम्रो जीवन होस् पूर्ण, सेवाले ब्रह्मबोधले ।
निष्काम कर्म होस् किंवा, शिव अर्पण योगले ॥
। ५४ ।
समान भाव राखेर, मानमा वा अमानमा ।
आत्मामा रम्न जानेमा, सत्व, शान्ति सदा ममा ॥
। ५५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो, जे, जहाँ, जसोरी छौ, आफू छुट्टै बसी गरे ।
सारा प्रारब्धले चल्छ, चिन्तादेखि परै रहे ॥

। ५६ ।

शिव कल्याणका मूर्ति, स्वभावैले प्रसन्नता ।
शिवभक्त बनौं हामी, शान्ति, कान्ति जता तता ॥

। ५७ ।

प्रसाद, प्रेरणा काव्य, बनोस् यो शिव-दर्पण !
शिवको शब्द यो पुष्प- शिवमा नै समर्पण !!

। ५८ ।

नेपाली जनता जनार्दन बनून् ! नेता बनून् देवता !
माटो होस् सुख शान्त, बुद्ध वरदा राजा प्रजा एकता ॥
लौ है देश उचाल आत्म-बलले मौका मिल्यो दुर्लभ ।
तिम्रा साथ त कोटिकोटि जनता छन् सृष्टिकै सौरभ ॥

। ५९ ।

-हरिः ॐ तत्सत्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टम सोपान

(क) राष्ट्र र राष्ट्रदेव

मेरो राष्ट्र बनोस् ! उदार मन होस् ! ज्ञातव्य ता ब्रह्म होस् !
हाम्रो लक्ष्य सदा मिलेर मुटुले आमा सिँगार्ने बनोस् !!
बाचौँ शाश्वत जिन्दगी नमरने धर्मै र कर्मै गरी !
अर्काकै उपकारमा दिन बितोस् ! अध्यात्म सेवा छरी !!

। १ ।

पृथ्वीभन्दा ठूलो स्वर्ग, स्वर्गभन्दा अझै ठुली ।
जननी जन्मभूमि हुन्, चढाऔँ प्रेम अञ्जुली ॥

। २ ।

जननी, जन्मभूमिको, काखमा छौँ ढलीमली ।
आमाको ऋण तिर्नै छ, सम्झौँ है नित्य झल्झली ॥

। ३ ।

आमा र मातृभूमिले, स्वर्गादि लोक नै छुने ।
जननी जन्मभूमिको, तुलना कसमा हुने !!

। ४ ।

सारा पुराणका कर्ता, व्यासका दुइ सूक्ति छन् ।
'परोपकार नै पुण्य, परपीडन पाप हुन् ॥'

। ५ ।

आफू बनेर दृष्टान्त, शास्त्रमा चल्नुपर्दछ ।
उज्यालो दिन खोज्नेले, आफू नै जल्नुपर्दछ ॥

। ६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरु बन्न सबै सक्छन्, चेलो को बन्न सक्तछ ?
त्यागले ईशको लाभ, जो ता निष्काम भक्त छ ॥

। ७ ।

भन्नेभन्दा ठुलो गर्ने, दिनेभन्दा दिलाउने ।
फुटाउने निकै हुन्छन्, महात्मा हुन् जुटाउने ॥

। ८ ।

सबै सुखी निरोगी हुन् ! उपकार सबै गरून् !
भलैभलो सबै देखून् ! भोका कोही, कतै नहून् !!

। ९ ।

म मेरो घरको राजा, सर्वोच्च चुचुरो छुने ।
मेरो सर्वस्व नेपाल, बनाए स्वर्ग नै हुने ॥

। १० ।

श्रीसूर्य-चन्द्र अंकित, हिमाल राष्ट्रको ध्वजा !
अनन्तकाल चम्कियोस् ! सुखी र शान्त हुन् प्रजा !!

। ११ ।

समस्त देव, धर्मको, कृपा अखण्ड वर्षियोस् !
विवेक बुद्धि, ज्ञानले, स्वदेशकै भलो गरोस् !!

। १२ ।

विकास, शान्ति सिञ्च रे, धरा हुनेछ उर्वरा ।
उमेर, जोश, होसले, उचाल दिव्य पाखुरा ॥

। १३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) शिव-भक्ति र त्यसको फल

भक्तिबाट हुने मुक्ति, चित्तशुद्धि अनन्तर ।
भक्ति नै अनुरक्ति हो, पवित्र प्रेम अन्तर ॥

। १४ ।

कर्ममा भक्तिकै योग, ज्ञानमा भक्ति भित्र छ ।
भक्तिमा भक्ति आधिक्य, सर्वत्र भक्ति मित्र छ ॥

। १५ ।

अनन्य भाव नै भक्ति, सर्वात्म भाव अर्पण ।
आराध्य मात्र हुन् बाँकी, आफू-आफ्नो समर्पण ॥

। १६ ।

सकाम भक्ति ता निम्न श्रेणीको तर भक्ति हो ।
ज्ञानीको भक्ति वा मुक्ति, सर्वोत्तम सुप्राप्ति हो ॥

। १७ ।

राजा वा राजनेताले, शिव आराधना गरे ।
विद्यार्थी ज्ञानका लागि, व्यापारी धन माग रे ॥

। १८ ।

पुत्र, मित्र, कलत्रादि, कला, सम्मान, काव्य रे ।
मुद्दाको जित वा काम, पदोन्नति मिलोस रे ॥

। १९ ।

चुनाउ जितियोस् बाबा ! मन्त्री नै हुन पाइयोस् !
फलानी नै बनून् पत्नी, फलानै पति पाइयोस् !!

। २० ।

यस्तै यस्ता अनेकौं छन्, कामना पेटभित्रका ।
विशेष भक्ति, पूजाले, शिवका भक्त भावका ॥

। २१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकामी भक्तको इच्छा, पूर्णभक्ति भयो भने ।
निष्काम ज्ञान वा मोक्ष, गरे यो, त्यो सबै हुने ॥

। २२ ।

दातामा शिव दृष्टान्त, आशुतोष खुशी भए ।
सृष्टिमा नहुने केही, छैन है, शिवले दिए ॥

। २३ ।

भगवान्का बनून् भक्त, सर्वत्र ईश-दर्शन ।
बनून् प्रसन्न सेवामा, जनता हुन् जनार्दन !!

। २४ ।

राष्ट्र सर्वस्व मानेर, नेता र जनताहरू ।
सेवा, यज्ञ गरून् साझा ! पूजा नैं कर्म होस् बरु ॥

। २५ ।

आफू जलेर बत्तीले, सर्वत्र पार्छ उज्ज्वल ।
नदी नाम हराएर, बन्छ सागरको जल ॥

। २६ ।

सृष्टिमा श्रेष्ठ मानिन्छ, श्रद्धा र श्रमको फल ।
भक्ति, युक्ति मिले मुक्ति, आत्मा हो बलको बल ॥

। २७ ।

अभेद दृष्टि हो ज्ञान, समान अरुमा, म:मा ।
निर्विशेष भए ध्यान, मनमा नित्य बोधमा ॥

। २८ ।

मनको मलको त्याग, स्नान भो आत्म-तीर्थमा ।
शरीरादि हुने शुद्ध, इन्द्रियादि अधीनमा ॥

। २९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफू शुद्ध सदा वुद्ध, निर्विकार, निरञ्जन ।
आत्मा ईश्वर एकै हो, यही हो ब्रह्म-चिन्तन ॥

। ३० ।

शुभाशुभ सबै कर्म, गर्नेले भोग्नु पर्दछ ।
अकर्ता र अभोक्ता भै, ज्ञानीले पनि गर्दछ ॥

। ३१ ।

सृष्टि ईश्वरको राज्य, छुट्टै बस र भोग है ।
योग होस् परमात्मामा, नत्र रोग, वियोग है ॥

। ३२ ।

(ग) देह र गेहको परिचय

रोगको घर हो देह, कर्मको वासना फल्यो ।
बालो, बूढो भयो शीर्ण, हेर्दा हेर्दै कतै ढल्यो ॥

। ३३ ।

जीवात्माको नयाँ डेरा, पाटी होटल जे भन ।
प्रारब्ध भोगको भाँडो, घैँटो फुट्छ कुनै दिन ॥

। ३४ ।

'म' भन्ने वासना पुञ्ज, बोकेर बिचरो चरो ।
छोड्छ त्यो, लिन्छ यो योनि, 'मेरो' आसक्ति भो दरो ॥

। ३५ ।

मनको भान हो मेरो, घरबार, शरीरमा ।
ज्ञानले पाशको नाश, म-मेरो देह, गेहमा ॥

। ३६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफूले आत्मको बोध, आफूद्वारा गऱ्यो भने ।
आफैँमा ब्रह्म प्रत्यक्ष, जीवन्मुक्त दशा हुने ॥

। ३७ ।

ज्ञानी ज्ञानस्वरूपै हो , त्यही ज्ञान् स्वरूपमा ।
शरीर, घर, संसार, नटिक्ने भोलिसम्ममा ॥

। ३८ ।

नभएको हुनाले नै, कसको यो हुने भयो ?
समाहित भई हेर, आफूभिन्न सबै गयो ॥

। ३९ ।

घर, मालिक नै छैन, सुषुप्ति र समाधिमा ।
'नेति नेति', 'स्वयंज्योति', 'ब्रह्मात्मैक्य' प्रबोधमा ॥

। ४० ।

थिएन पहिले, आज छैन है, भोलि हुन्न है ।
आफू पूर्ण, परब्रह्म, बोधमा देह, गेह खै ?

। ४१ ।

न मेरो, न त तिम्रो हो, घैँटो वा ढकना त यो ।
बाहिरी खोल मात्रै हो, काँचुली देह, गेह यो ॥

। ४२ ।

प्रारब्ध धर्मशालामा, अर्काकै अधिकारमा ।
चरीको गुँडझैँ ओत, मात्र हो सुविचारमा ॥

। ४३ ।

उनैको वा सबैको वा, कि साझा रङ्क-राजाको ।
म, मेरो भन्न जो आए, गएको दृश्य ताजा त्यो ॥

। ४४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधार घरको चोखो, माटो वा धरती न हो ।
आकाश, तेजले व्याप्त, पानी, पवनको त हो ॥

। ४५ ।

सिकर्मी वा डकर्मीको, ज्यामी, नक्सा बनाउने ।
पैसा, व्यापार, उद्योग, कृषि, जागिर धाउने ॥

। ४६ ।

कसै गरी कमाएको, देह, गेह त हेय हो ।
वासना, मोह त्यागेर, वाससम्म बसे भयो ॥

। ४७ ।

जन्मान्तर घुम्यौं धेरै, यस्तै देह र गेहमा ।
वासना नष्ट पारेर, बसौं ब्रह्म-स्वरूपमा ॥

। ४८ ।

धर्म, न्यायादि, शास्त्रादि, व्यवहार विवेक र ।
आफ्नै शरीर हेरेर, भन यो कसको घर ?

। ४९ ।

देह, गेह दुवै उस्तै, माया, छाया, वितथ्यमा ।
अधिकार कहाँ बन्थ्यो ? वासनाका प्रवासमा ॥

। ५० ।

रज-वीर्यादि आमा र बाबुको मलपिण्ड यो ।
हाड, मासु र रक्तादि, देहादि नाशवान हो ॥

। ५१ ।

'मेरो घर' भनी बाजे, भन्थे खुत्रुक्क पो भए ।
हिजो आएर बाबाले, 'यो ता मेरो' भने गए ॥

। ५२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज 'मेरो' तिमी भन्छौ, भनौला कतिसम्म नि !
भोलि 'यो घर मेरो हो' छोराको अधिकार नि !!

। ५३ ।

मुसाले भन्दछन् 'मेरो', लाम्खुट्टे, माकुराहरू ।
कमिला पनि 'मेरो' रे, परेवादि चराहरू ॥

। ५४ ।

गाई, कुकुर 'मेरो' हो, भन्दैछन् पाहुनातक ।
आजै निर्णय लौ देऊ, तिम्रो के यसमा हक ?

। ५५ ।

तिमीले पूजने देवी, देवता, पितृको घर ।
के हैन भन्न सक्छौ ता ? तिम्रो नै भर के छ र ॥

। ५६ ।

तिम्रा अन्नादि, द्रव्यादि, पुस्तकादि कहाँ बसून् ?
दावी गर्छन् सबै तिम्रै, घरभित्र घुँडा धसून् !!

। ५७ ।

नाति ताती गरी भन्छन्, 'छोड्ने तर्खरले सर' ।
विवेक गर छुट्टेर, होला यो कसको घर ?

। ५८ ।

अंशवण्डा लगाऊ लौ, आफ्नो भाग पर्‍यो कति ?
त्यति मात्र हुने तिम्रो, अर्काकोमा गयो मति !!

। ५९ ।

तिम्रो भाग 'अहं' मात्रै, देह ता भूतको न हो ।
ठानेको हैन है तिम्रो, पिण्ड यो पूर्वकर्मको ॥

। ६० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजै छोड अहंकार, 'म', 'मेरो' घरबारमा ।
नत्र फन्फन घुम्ने छौ, चौरासीको अपारमा ॥
। ६१ ।

भूतमा जति भए त नलेऊ ।
भोलि जे हुनु छ होस् हुन देऊ ॥
आज सङ्ग नलिएर उदाऊ ।
आउ, जाउ अब हुन्न रमाऊ ॥
। ६२ ।

बितेका कुरामा न ता वासना छ ।
भरे जे त होला न ता कामना छ ॥
मिले आज जे जे तिनैमा छ तुष्टि ।
त्यही जीवनी धन्य हो ! ब्रह्मदृष्टि !!
। ६३ ।

विचार हेर पूर्वमा अपूर्व सत्यता थियो ।
पुराण, धर्मशास्त्रमा समानता छँदैथियो ॥
स्वतन्त्र हिन्दु राष्ट्र यो, हिमाल शान्त देशमा ।
स्वतन्त्रता थियो छ, है र हुन्छ कल्प-कल्पमा ॥
। ६४ ।

मेरो भनेर कतिले मुख, दाँत गाडे ।
लाने थियो सुर अझै तर प्राण छाडे ॥
यो दृश्य झल्झल सदा वर देखिइन्छ ।
गर्दै विचार, तपले पर भेटिइन्छ ॥
। ६५ ।

-हरिः ॐ तत्सत्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवम सोपान

सत्सङ्ग-समागम (स्वतन्त्र सत्र)

'मेरो' भाव, 'म' भावले स्वरूपको सम्पर्क नै मेटिने ।
लीला, नाटक यो बुझे शरणमा, पर्दा स्वयं भेटिने ॥
तृष्णा, मोह, प्रमादले झिलिमिली हो झैँ हुने भानमा ।
मिथ्या, सृष्टि, समष्टि-व्यष्टि सबको अन्त्येष्टि ता ज्ञानमा ॥

। १ ।

बाग्मतीमा गरे स्नान, दान, पाठ र दर्शन ।
मुमुक्षु भक्त श्रद्धाले, जुटे सत्सङ्ग-संगम ॥

। २ ।

यो जीव को हो ? शिव-तत्त्व के हो ?
कर्तव्य, ज्ञातव्य, स्वरूप जे हो ॥
निर्भ्रान्त सिद्धान्त स्वयं बताऊ ।
भोले ! भई स्फोट ममा रमाऊ ॥

। ३ ।

निर्गुणानन्द स्वामीले, मीठो उत्तर प्रेमले ।
दिन थाल्नुभयो दिव्य, शिव-तत्त्व प्रसादले ॥

। ४ ।

दोष-दृष्टि, विरागी होस् ! सम्पूर्ण विषयादिमा ।
त्यही मान्छे हुने मोक्ष, ज्ञानी, युक्त, महामना ॥

। ५ ।

विषयासक्त हो रागी, त्यही बन्धनमा पऱ्यो ।
मोक्ष-बन्धन के खोज्छौ, आफू नै जाग्नु नै पऱ्यो ॥

। ६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देह तिम्रो, तिमी हैनौ, कर्ता, भोक्ता न हौ तिमी ।
इच्छारहित चैतन्य, साक्षी, शान्त सदा तिमी ॥

। ७ ।

प्रारब्धवश बाँचेको, ज्ञानीको चित्त शून्य छ ।
देखिन्छ विषयी जस्तै, मानामान समान छ ॥

। ८ ।

न राग, त्यागको इच्छा, शत्रुमा सम मित्रमा ।
सम्पूर्ण शून्यको साक्षी, आनन्द मस्तराममा ॥

। ९ ।

म हुँ सागर ब्रह्मात्मा, फोका, छाल, जगत् अरु ।
शान्त, मुक्त, सदानन्द, ब्रह्मै हुन् ब्रह्मविद्हरू ॥

। १० ।

ममकार, अहंकार, आकार जब अन्त्य भो ।
विशुद्ध आत्म-साम्राज्य, आफूभित्र प्रशान्त भो ॥

। ११ ।

हेयोपादेय नै छैन, न त हर्ष, विषाद छ ।
जहाँ छ, जसरी, जस्तो, त्यसैमा स्थित, मस्त छ ॥

। १२ ।

सुखले खान्छ वा बोल्छ, बस्छ, हिंड्छ जताततै ।
व्यवहार निकै राम्रो, ज्ञानी मग्न यताउतै ॥

। १३ ।

'म' भन्ने ब्रह्म आत्मा हो, फलानो नाम, रूप ता ।
छाया हो, ईशको माया, बुझ्रे ब्रह्म जतातता ॥

। १४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नबुझ्ने भ्रममा घुम्छन्, चौरासी भुमरी भरि ।
जन्म, मृत्यु, जरा, व्याधि, चक्रको वक्रमा परी ॥
। १५ ।
प्रज्ञावादादि छोडेर, ब्रह्मवादी भयो भने ।
आत्मानन्द, शिवानन्द, ब्रह्मानन्द सदा हुने ॥
। १६ ।
कर्तव्य गर्नु दै पर्छ, जबसम्म शरीर छ ।
संस्कार र स्वभावैले, त्यो होस् ! आफू अलग्ग छ ॥
। १७ ।
जनकादि र रामादि, वसिष्ठ, कृष्ण आदिले ।
शुकादि गर्दथे आफ्नो, कर्म कर्तव्य भावले ॥
। १८ ।
निष्काम कर्म होस् शुद्ध, अनासक्त भई बसे ।
आत्माराम बनोस् चित्त, ज्ञानात्मा मोक्षमा पसे ॥
। १९ ।
दुवैमा वृत्ति साझा छ,प्रवृत्ति र निवृत्तिमा ।
वृत्तिको शून्यता हुन्छ, आफू ब्रह्मस्वरूपमा ॥
। २० ।
त्यागले, रागले के भो, स्वरूप स्थितिमा बसे ।
त्यागले, रागले के भो ? संसार भासमा फसे ॥
। २१ ।
त्यागमा, रागमा त्याग, विराग राग, त्यागमा ।
समानै छन् दुवै वृत्ति, आफू त्याग न रागमा ॥
। २२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्धकार त्यहीं बस्छ, प्रकाश जुन ठाउँमा ।
अज्ञान त्यहीं भेटिन्छ, ज्ञानका घर-गाउँमा

। २३ ।

ज्ञानीका राज्यमा मात्र, अज्ञानी बस्न पाउँछन् ।
अज्ञानी नभए ज्ञानी, आफूभित्रै रमाउँछन् ॥

। २४ ।

ममकार, अहंकार, देहाध्यास छुट्यो भने ।
जीवन्मुक्त सबै बिर्सी, बोध मात्र रह्यो भने ॥

। २५ ।

जन्मादि, सुख-दुःखादि, दैवलीला भनीः बुझे ।
ओभानो जलका माथि, अकर्ता भावमा भिजे ॥

। २६ ।

सुन बाबा, सुनाऊ वा, शास्त्रादि भिन्न ढङ्गले ।
सम्झेर बिर्सनै पर्छ, अशेष मोक्षकामले ॥

। २७ ।

मेधावी, ग्रन्थ अभ्यास, विचारपूर्वकै गरून् !
धान्यार्थी जसरी छोड्छन्, पराल त्यसरी त्यजून् !!

। २८ ।

आत्माको नाश नै छैन, निवास छैन विश्वको ।
जन्म-मृत्यु शरीरादि, सच्चिदानन्द ब्रह्मको ॥

। २९ ।

कसैले मात्र यो बुझ्छन्, बुझ्ने नै पार तर्दछन् ।
नबुझ्ने दुःख, चिन्ताले, झर्दछन् फेरि मर्दछन् ॥

। ३० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म मर्दिन मरोस् देह, म मेरो देह हैन है ।
देह ता दृश्य, नासिन्छ, म ता द्रष्टास्वरूप है ॥
। ३१ ।
दृश्य देखिन्छ, देखिन्न, बाँचोस्, बाँचिन्न जे त होस् !
आफू साक्षी चिदानन्द, नित्य, पूर्ण स्वयं बुझ्नोस् !!
। ३२ ।
हरि वा हर, ब्रह्माले, ब्रह्मका उपदेशले ।
आत्मा भेटिन्न, भेटिन्छ, सारा विस्मृति-योगले ॥
। ३३ ।
दृष्ट-नष्ट सबै बन्धु, सम्पत्ति, शरीरादि ता ।
हेर्दाहेर्दै गए सारा, आत्मामा नित्य सत्यता ॥
। ३४ ।
तृष्णा मात्र हुने बन्ध, नभए आज मुक्त भो ।
असङ्ग विषयेच्छामा, भए शान्ति स्वयं प्रभो !!
। ३५ ।
मृयमाण कसैलाई, रक्षा को गर्न सक्तछ ?
आफू आत्मा नमर्ने हो, कसले मार्न सक्तछ ?
। ३६ ।
सत्य हुन्छ सदा सत्य, झुटो हुन्छ असत् सदा ।
भावाभाव विनिर्मुक्त, आत्मब्रह्म परम्परा ॥
। ३७ ।
म थिएँ पहिले, ऐले, म मात्र पछिसम्म छु ।
मदेखि भिन्न जे, जो छन्, कल्पना मात्र भन्दछु ॥
। ३८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मदेखि भिन्न हुन् मिथ्या, मदेखि भिन्न के छ र ?
मेरै साम्राज्य हो सारा, ममा फुर्छ चराचर ॥

। ३९ ।

बल, सौन्दर्य, सम्पत्ति, जवानी, प्राप्ति जे, जति ।
दिंदैन शान्ति वा तृप्ति, सबैको गति हो क्षति ॥

। ४० ।

भक्ति, विरक्तिले बोध, अखण्ड शान्ति, शाश्वति ।
श्रेयका मार्गमा लागे, कदापि हुन्न दुर्गति ॥

। ४१ ।

श्रुति, स्मृति र न्यायादि, प्रस्थानत्रयीको मति ।
युक्तिले मुक्ति पाइन्छ, भएमा शरणागति ॥

। ४२ ।

दीप्ति, कान्ति बढोस् नित्य, गरौं आरति भारती ।
ब्रह्मात्म-बोध आनन्द, 'सा काष्ठा सा परागति' ॥

। ४३ ।

नीतिमा, रीतिमा प्रेम, धरती ईश-आकृति ।
धृति, भीति यथास्थान, स्थिति होस् ब्रह्म-जागृति ॥

। ४४ ।

सीताराम भजे हुन्छ, अथवा शिव-पार्वती ।
गणका पति, सावित्री, जपौं नित्य सरस्वती ॥

। ४५ ।

कीर्ति हो ब्रह्मको बोध, ध्यान हो आर्य-संस्कृति ।
कर्ममा, योगमा भक्ति, ज्ञानमा सर्व सम्मति ॥

। ४६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नियति, यति वा यात्री, भुक्ति, मुक्ति जहाँ जति ।
आध्यात्मिक गरौं क्रान्ति, छुटोस् भ्रान्ति, अहंकृति ॥

। ४७ ।

शम, सन्तोष, सत्सङ्ग, सुविचार, सुभावना ।
परोपकार, स्वाध्याय, आत्माको नित्य चिन्तना ॥

। ४८ ।

ब्रह्मचर्य, अहिंसा होस् ! संग्रही, विग्रही नहोस् !
सदा अमर त्यो हुन्छ, तन वा धन होस्, नहोस् ॥

। ४९ ।

जानै पर्ने कुरा संझी, लागौं सत्कर्म, धर्ममा ।
पैसाले, पदले खिच्ला, नफसे है कुकर्ममा ॥

। ५० ।

नीति, नैतिकता बेचे, धर्म, सिद्धान्त, दर्शन ।
पैसा मात्र सबै ठाने, मान्छेमा गणना किन ?

। ५१ ।

देह, गेहादि फुर्छन् है, वासना मनमा, ममा ।
नाम-रूप सबै मिथ्या, सच्चिदानन्द ब्रंह्ममा ॥

। ५२ ।

प्रत्यक्ष अनुमानादि, प्रमाण-सिद्ध ज्ञान हो ।
विश्व देखिन्छ मात्रै है, चित्तको वृत्ति भान हो ॥

। ५३ ।

आत्मतृप्त, पवित्रात्मा, हुने कर्म सदा गरौं ।
आत्मग्लानि, अशान्ति ता, नहोस् है पछि नै सरौं ॥

। ५४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आरम्भमा थियो एक, अनेक हुन गो मन ।
अनेकमा उही एक, व्याप्त नित्य, निरञ्जन ॥
। ५५ ।
मायाका राज्यमा आफू, 'नेति नेति' भनी बसे ।
ब्रह्मका राज्यमा आफू, 'अहं ब्रह्मास्मि'-मा पसे ॥
। ५६ ।
वेदान्त शिव-सिद्धान्त, शास्त्रको सार यत्ति हो ।
कर्म, भक्ति तथा ज्ञान, क्रमैले स्थिति मुक्ति हो ॥
। ५७ ।
पशुका पति साकार, निराकार, निरञ्जन ।
गुणी वा निर्गुणी एकै, ज्योतिर्लिङ्ग शिवार्चन ॥
। ५८ ।
योग वा ध्यान वा ज्ञान, विराग, त्याग, भक्तिले ।
सन्धान, अनुसन्धान, शिव-दर्शन बोधले ॥
। ५९ ।
आशाका पाशमा छौं अगणित गणका अन्त्य ता भेटिएला ।
तारा नौ लाख छन् रे गगनपथमा गन्न पो सक्छु होला ॥
यो माला भावनाको ककनन प्रभुको कीर्ति के गाइएला ?
मेरो सामर्थ्य झीनो तर पनि मन भो आत्मशुद्ध्यर्थ भोला !!
। ६० ।
को रोज्ने ? शिव, राम, कृष्ण, रवि वा गौरी, उमाबालक ।
मेरा राम म रामकै शिव उनै कल्याण सञ्चालक ॥
आत्मा, राम र चन्द्रशेखर भजून् ! कोही नहून् रावण !
के सुन्छौ ? यदि सोधनी अब भए भन्ने म 'रामायण' ॥
। ६१ ।

– हरिः ॐ तत्सत् –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशम सोपान

सत्सङ्ग-प्रवचन (राम-सत्र)

यौटा राम पठाइदेउन हरे ! पृथ्वी सिँगार्दिन्छु म ।
सीताझैँ पति-सेविता सब बनून् ! संन्यास-निर्मुक्त म ॥
यौटा लक्ष्मण भाइको तप मिले, सम्पूर्ण रामायण ।
हुन्थ्यो रावणहीन धन्य धरती ! पुज्ने हनूमान म ॥

। १ ।

राम-मन्दिरमा दिव्य राम-सत्र सदा हुने ।
राघवानन्द स्वामीले, रामामृत कथा भने ॥

। २ ।

राम राम जप राम भजेर ।
राम पाठ पढ राम बुझेर ॥
रामको गरन चिन्तन, ध्यान ।
राम-नाम गर कीर्तन गान ॥

। ३ ।

रामका चरणमा मन राख ।
राम-नाम सुन अमृत चाख ॥
राम देख सपना, विपनामा ।
मस्तराम वनमा, तपनामा ॥

। ४ ।

राम मग्मग सुवास छरेर ।
राम साथ लिई देश घुमेर ॥
राम बोल, चल, राम समाऊ ।
रामकै भर परेर रमाऊ ॥

। ५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामकै विषय, भाषण राम ।
रामकै भजन-भोजन, धाम ॥
रामकै मनन, लेखन, खोज ।
राम-नाम कवि-कानन रोज ॥
। ६ ।
राम-नीति बुझ्न जागिर खाऊ ।
मातृभूमि, जननी शिर लाऊ ॥
राम-दीप झलमल्ल जगाऊ ।
रोग, राग, तम दूर भगाऊ ॥
। ७ ।
राम उर्वर धरा बिउ छर्दा ।
फुल्छ, फल्छ सहजै भर पर्दा ॥
धर्म, अर्थ, शुभ-काम र मोक्ष ।
राम हुन् वरद निश्चित लक्ष्य ॥
। ८ ।
राममा छ मन, कर्म र वाणी ।
सिद्ध हुन्छ सजिलै भन जानी ॥
राम नित्य मनमा, तनमा छन् ।
शुद्ध भाव जनमा, धनमा छन् ॥
। ९ ।
राम-राज्य गर, राम रमाऊ ।
राम अमृत रसायन खाऊ ॥
रामको घर समीप बनाऊ ।
आत्म भाव गर राम रसाऊ ॥
। १० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम पाल मनमोह निकाल ।
राम-नाम तपले भ्रम फाल ॥
राममा छ सहकाल, सुचाल ।
छैन-छैन अनिकाल, अकाल ॥
। ११ ।
राममा प्रिय गरी मित लाऊ ।
राम-राज्य चल, विश्व चलाऊ ॥
विश्व हो विषय बन्धन घाऊ ।
रामवाण उपचार गराऊ ॥
। १२ ।
रामकै चरण सास र वास ।
रामभित्र बस बाहिर भास ॥
आश छोड अरुको सहवास ।
नाश हुन्छ डर, भोक र प्यास ॥
। १३ ।
अग्नि शीतल हुने अभिराम ।
शीतले पनि दिने सुख धाम ॥
काम, माम जसरी पनि चल्छ ।
राममा भर परे, सब फल्छ ॥
। १४ ।
बाल्य आदि नहुने दुरगामी ।
जाग्रदादि मनका परिणामी ॥
राममा भव विलापित हुन्छन् ।
ढुक्क भै बस उनी सब सुन्छन् ॥
। १५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चकोश अब फाल न फाल ।
राम राम रच वास निकाल ॥
राम-सत्र, शिव-यज्ञ चलाऊ ।
विश्वमा नफस है घर आऊ ॥
। १६ ।
राम सार मम, माम असार ।
राम हुन् तरल, काम कसार ॥
कर्मयोग गर राम जपेर ।
'राम राम' भन छोड शरीर ॥
। १७ ।
राम हुन् मह मिठास महान ।
शुद्ध सत्त्व नवनीत बिहान ॥
नाम-नाउ भव सागर तार्ने ।
जन्म आदि भवरोग निखार्ने ॥
। १८ ।
राम ब्रह्म, पुरुषोत्तम, साक्षी ।
सूर्य, चन्द्र, श्रुति हुन् तम भक्षी ॥
राम पालक र धारक, धाता ।
राम कारक, सुधाकर त्राता ॥
। १९ ।
राग, त्याग वनमा, घरमा लौ ।
जे छ हुन्छ सब धैर्य लिने छौ ॥
भोग है लिखित जे छ कमाइ ।
रामझैँ बन तटस्थ रमाई ॥
। २० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामका बन तिमी तन माझी ।
रामको मन जिती बन राजी ॥
रामका हृदयमा मन राख ।
रामझैं बनन है भव चाख ॥
। २१ ।
राममा र शिवमा झिक भेद ।
आत्मतत्त्व दुइमा छ अभेद ॥
रामका र शिवका दुइ भिन्न ।
नाम, रूप तर तत्त्व अभिन्न ॥
। २२ ।
रामका गुरु र इष्ट महेश ।
राम ध्यान गरने शिव ईश ॥
रामको मन सदा छ पवित्र ।
शान्त वास शिवधाम विचित्र ॥
। २३ ।
राम ध्येय शिवका, शिव ध्येय ।
राम ज्ञेय शिव, राम प्रमेय ॥
राम शुद्ध त्रिपुटीपरका हुन् ।
आप्तकाम अवतार लिने झन् ॥
। २४ ।
रामलाई बुझ वा शिव जान ।
छोड भेद सब एक गुमान ॥
आत्मरूप निज देव र देवी ।
विश्वरूप शिव-राम सुसेवी ॥
। २५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दान, मान, अपमान समान ।
छोड ज्ञानतकको अभिमान ॥
भान मात्र भव यो पहिचान ।
आत्मब्रह्म अखिलेश्वर जान ॥

। २६ ।

रामराज्य कति शिष्ट, विशिष्ट ।
देख्नु, सुन्नु पनि छैन अशिष्ट ॥
नित्य राम-रमिता जनतामा ।
शान्ति, कान्ति कविता-वनितामा ॥

। २७ ।

रामको गुण र कीर्तन, गान ।
जे, जति गर हुँदैन थकान ॥
शब्द, कर्म, तनले मनभित्र ।
राम चित्र र चरित्र विचित्र ॥

। २८ ।

राम सत्य-व्रतका तप-योगी ।
साथ लक्ष्मण विशिष्ट वियोगी ॥
त्यागले भरतले धरतीमा ।
कीर्ति-सौरभ छरे जननीमा ॥

। २९ ।

मातृभू र जननी कति ठूली ।
स्वर्ग निम्न गणना छ न भूली ॥
राम-रावण लडेर सिकाए ।
धर्मकै जित हुने प्रित लाए ॥

। ३० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्याय, नीति व्यवहार गरेर ।
रामझैँ हुन गए यति खेर ॥
विश्व-शान्ति र विकास हुने छ ।
पाप, शोषण हरे ! नहुने छ ॥

। ३१ ।

राम कीर्तन गरे डर हुन्न ।
तीन तापतकले पनि छुन्न ॥
मोहको ज्वलन शीतल हुन्छ ।
रामनाम सरी औषध कुन्छ ?

। ३२ ।

साल-नाल अनि-काल कराल ।
फाल ढाल ढल नाल पखाल ॥
रामकै भर परेर सुचाल ।
चल्नुमा छ शिव, शान्ति कमाल ॥

। ३३ ।

रामको रस रसायन खाए ।
आधि, व्याधि र उपाधि हराए ॥
शुद्ध, शान्त र निरोग बनेर ।
बाँच मुक्त भई जीवन हेर ॥

। ३४ ।

ज्ञान, सीप, सुख, शान्ति, सुरक्षा ।
न्याय, धर्म, सुविधा र सुशिक्षा ॥
पाउँछन् जन-जनार्दन चैन ।
रामराज्यभरमा दुःख छैन ॥

। ३५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामझैँ बन, दुशासन हैन ।
घोर भक्ति-तपले पनि हुन्न ॥
शक्तिको दुरुपयोग गरेर ।
भष्म रावण भयो शिव ! हेर ॥
। ३६ ।

भित्र सत्य, शिव होस् व्यवहार ।
हुन्छ है प्रगति, शान्ति, सुधार ॥
भित्र एक अनि बाहिर एक ।
भो भने त बरबाद अनेक ॥
। ३७ ।

वेद, धर्म, शुभकर्म र योग ।
शास्त्र भन्छ- बन मुक्त, निरोग ॥
वर्तमान युग भन्दछ- भोग ।
रक्तपात र वियोग र रोग ॥
। ३८ ।

राजनीति गर वा घरकाज ।
ज्ञानमग्न बन भौतिकराज ॥
काम, लोभ, रिस, राग नलेऊ ।
राम, जीवन र दर्शन लेऊ ॥
। ३९ ।

त्याग, सत्य सिक राम महान ।
प्रेम, भक्ति भरतादि समान ॥
मित्र वानर अहा ! हनुमान ।
धन्य सेवक अलौकिक जान ॥
। ४० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीसती शिखरकी मणि सीता ।
वेदसार रसपूर्ण छ गीता ॥
रामको स्वरुप ब्रह्म र माया ।
जानकी प्रकृति, शक्ति र छाया ॥
। ४१ ।

रामले वन गएर सिकाए ।
त्याग पाठ पढ, राज चलाए ॥
प्रेमले नर र वानर जोडे ।
धर्मकी सहचरी पनि छोडे ॥
। ४२ ।

स्वार्थ छैन, रतिराग त शून्य ।
गण्यमान्य करणीय र धन्य ॥
विष्णु एक अवतार लिएर ।
मानवी तर अलौकिक हेर ॥
। ४३ ।

ज्ञान भष्म गरिदिन्छ अविद्या ।
कर्ममा छ ममता र अहंता ॥
ज्ञान-कर्म त समन्वय हुन्न ।
भन्नुहुन्छ रघुवीर त धन्य !!
। ४४ ।

ज्ञानकै छ महिमा धरतीमा ।
मोक्ष लक्ष्य नभए अरु केमा ?
रामले अनुज लक्ष्मणलाई ।
ब्रह्मज्ञान दिनुभो छ भलाइ ॥
। ४५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म मात्र बुझ यो भव छैन ।
देखिने विगत-आगत हैन ॥
नित्य, शाश्वत तिमी शिव नै हौ ।
आत्मदेखि अतिरिक्त कहाँ छौ ?

। ४६ ।

रामको सुख-दुःखादि त लीला ।
छैन घात-प्रतिघात झमेला ॥
शुद्ध ब्रह्म अवतार लिएर ।
धर्म स्थापित गरे बुझ, हेर ॥

। ४७ ।

रामवाण वरदायक भन्छन् ।
वालिको विजय भो जब मर्छन् ॥
रावणादि सबले गति पाए ।
रामको वरद हस्त समाए ॥

। ४८ ।

शत्रु-मित्र सब एक भएको ।
रामलाई कसले छ चिनेको ?
रामकीर्तन, कथा, गर ध्यान ।
छोड बोधतकको अभिमान ॥

। ४९ ।

राम-सत्र सकियो जयकार ।
दीप-कीर्तन भयो लयदार ॥
भक्ति भो श्रवणबाट विरक्ति ।
बोधले सहज जीवन-मुक्ति ॥

। ५० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देऊ दर्शन दिव्य हे रघुपते ! यो जन्म होस् सार्थक !
पैले पूर्ण थिएँ त पूर्ण म भएँ, म पूर्णकै चिन्तक ॥
तिम्रो त्याग-कथा, व्यथा जनकको, मुक्तात्म भो रावण !
यो हो वैदिक सभ्य संस्कृति-सुधा कि राम वा लक्ष्मण ॥

। ५१ ।

स्वयं भित्री आत्मा ध्वनित हुन गो गुन्गुन कतै ।
भने सारा छोडी परमपदको चिन्तन यतै ॥
क्रमैले आत्मामैँ विलय गर है चिन्ताक पनि ।
अहा ! आफू मात्रै त्रिपुटीपरको ब्रह्मसरणी ॥

। ५२ ।

– हरिः ॐ तत्सत् –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकादश सोपान

शिव-विश्रान्ति (पशुपतिनाथको मन्दिरमा)

उदायो भोलाको निज स्वरुप आत्मा झलमल ।
नभेट्ने वाणीले तर गति लिए भूतल तल ॥
अकर्ता कर्ता हुन् विबुध जनता भन्दछ यता ।
इयत्ता को ज्ञाता ? सुर नर बने मौन्न कवि-ता ॥

। १ ।

यो हो मन्दिर प्राचीन, पुरातात्त्विक मूल्यको ।
हजारौँ वर्षको सृष्टि, वस्तु-काष्ठकलादिको ॥

। २ ।

इँट्टामा, धातुमा काष्ठ-कला प्रस्तर-मूर्तिमा ।
भक्तको भावना व्याप्त, प्रत्येक बिन्दु-बिन्दुमा ॥

। ३ ।

इँट्टा वा काठको टुक्रा, धातु, प्रस्तर वस्तुले ।
कलाले, भावले पूर्ण, भक्तिले, इतिहासले ॥

। ४ ।

राजा,मन्त्री, धनी, ज्ञानी, गुरु, भक्त, प्रशासक ।
मन्दिरसँग सम्बद्ध, पूजारी वा पुरोहित ॥

। ५ ।

निर्माण, थप निर्माण, जीर्णोद्धार, सुधारमा ।
हजारौँ भक्त संलग्न, शैव धर्म प्रचारमा ॥

। ६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म, संस्कृति जोडिन्छ, निर्देश गर्छ दर्शन ।
राष्ट्रकै केन्द्र आस्थाको, एकताको प्रदर्शन ॥

। ७ ।

शैव, बौद्ध सबै एक, धर्ममा छैन उष्णता ।
इतिहास सदा साक्षी, धर्मको यो सहिष्णुता ॥

। ८ ।

वर्ण, आश्रम मान्ने वा, नमान्ने पन्थ-पन्थका ।
एकाकार यहीं हुन्छन्, करोडौं हिन्दु विश्वका ॥

। ९ ।

चाँदीका द्वार छन् चार, मोहडा चारतर्फ नै ।
विशाल सुनको छाना, चारैतिर झलल्ल भै ॥

। १० ।

ठूलो मन्दिर चौतर्फी, विशाल देव प्राङ्गण ।
शिलामा देवकै वास, माटामा देव धारण ॥

। ११ ।

काठ इँट्टा र ढुङ्गामा तन्त्र, मन्त्र र सिद्धि छ ।
शिव-मन्दिर सर्वत्र, साधनाको प्रसिद्धि छ ॥

। १२ ।

प्रातः चारबजेदेखि, पश्चिम द्वार खुल्दछ ।
भीड ज्यादा त्यतै हुन्छ, प्रसाद,जल मिल्दछ ॥

। १३ ।

चारै द्वार खुला हुन्छन्- पूजा, आरति, पर्वमा ।
तीनमा पस्न पाइन्छ, शिवलिङ्ग नजीकमा ॥

। १४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर पश्चिमको ढोकाबाट पस्न निषेध छ ।
बाहिरैबाट पूजादि, दर्शनादि प्रसिद्ध छ ॥

। १५ ।

पूजा आरति, श्रृङ्गार, अभिषेक र वन्दन !
पाए उत्तम भो नत्र, छानु-गजुर दर्शन ॥

। १६ ।

चार द्वार बसे चार, पूजारी भट्ट ब्राह्मण ।
तनले, मनले शुद्ध, हुन्छन् रुद्राक्ष धारण ॥

। १७ ।

ढोका, मन्दिर, पूजामा, भण्डारी छन् सहायक ।
नित्यं, नैमित्तिकी पूजा, गुठी नै छ प्रदायक ॥

। १८ ।

शिव-मन्दिर गारोमा, नाना चित्र विचित्रका ।
भित्तामा टाँसिएका छन्, काली, दक्षिणकालिका ॥

। १९ ।

धातुमा, काठमा मूर्ति, कुँदिएका टुँडालमा ।
आफ्नै मौलिक शैलीमा, बुट्टामा भाव व्यञ्जना ॥

। २० ।

चाँदीले सुनले भव्य, दिव्य मन्दिर झल्मल ।
शिव-दर्शनले मात्र, जान्छ है मनको मल ॥

। २१ ।

जग्गा दान दिए पैले, शिवको गुठी नामले ।
पूजा, पर्व चलेकै छ, करले भाव-भक्तिले ॥

। २२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजकोष, निजीकोष, श्रद्धाकोष विशेषले ।
बनेको धर्मको कोष, वेद-वेदान्त घोषले ॥

। २३ ।

धर्मको, राष्ट्रको मात्रै, नभई विश्व सम्पदा ।
भित्र आज परेको छ- संस्कृति, धर्म, ज्ञानदा ॥

। २४ ।

भौतिकी दृष्टिले हेर्दा, भव्य सुन्दर मन्दिर ।
दिव्य दृष्टि खुले शान्ति, आत्माभित्र निरन्तर ॥

। २५ ।

कतै पूजा, कतै पाठ, वेदको ध्वनि गुन्जन ।
लाख दीप बलेको छ, कतै यज्ञाग्नि दन्दन ॥

। २६ ।

शालिग्राम शिलाभित्र, ज्योतिर्लिङ्ग प्रतिष्ठित ॥
मुखलिङ्, महालिङ्ग, साक्षात् शंकर वेष्टित ॥

। २७ ।

शिवका नाममा साँढे, छोडिन्छन् मास-मासमा ।
विमान गुड्दछन् आज, साँडे चर्ने त चौरमा ॥

। २८ ।

शिवकोष कति के छ ? अज्ञात आत्मदोषले ।
उन्मूलन भयो दास प्रथा नै शिवकोषले ॥

। २९ ।

माघको मासमा नित्य, स्वस्थानी पाठ-पूजन ।
शिव-मन्दिर वा गौरी-घाटमा व्रत-कीर्तन ॥

। ३० ।

Nepal Sanskrit University पुस्तकालय
दर्ता ९८९३
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोम-श्रावणमा ज्यादा, दर्शनार्थी हुने भए ।
एकादशी परे पर्व, भक्तका भीड देखिए ॥
। ३१ ।

शिवसान्निध्यमा बस्छन्, विचित्र शिवका गण ।
उड्ने र उफ्रने, बोल्ने, माग्ने, खोस्ने र शोषण ॥
। ३२ ।

उत्पात (अनर्थ) देशमा हुन्छ, भन्ने संकेत शम्भुले ।
दिन्छन् र भन्दछन्, हुन्छ, त्यस्तै नै व्यवहारले ॥
। ३३ ।

विश्वास शिव-गौरीमा, आस्था, श्रद्धा समर्पण ।
भक्त, साधक, योगीको, नित्य प्राचीन, नूतन ॥
। ३४ ।

राष्ट्रदेव-महादेव, भुक्ति, मुक्ति दुवै दिने ।
भक्तका क्लेश पापादि, धुने औ प्रेमले लिने ॥
। ३५ ।

पवित्र छन् सबै साँढे, गाई, कुकुर, वानर ।
परेवा, जल, वृक्षादि, पंचभूतादि सादर ॥
। ३६ ।

मान्छे मात्र भए लोभी, पापी, काम प्रशासक ।
शिवस्व खान पल्केका, मोहान्ध धर्म-शोषक ॥
। ३७ ।

शिव व्याप्त बनेका छन्, मुद्रा, टिकट, नोटमा ।
अनन्तलिङ्ग यात्रामा, संस्कार, अभिलेखमा ॥
। ३८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसरी आशु छन् तोष, त्यसरी रोष भो भने ।
तीनै लोक डढाएर, काम ता भष्म नै हुने ॥
। ३९ ।
रोष, तोष दुवै छैन, समाधि शिवबोधमा ।
पाइने शिव साम्राज्य, तपमा, अनुरोधमा ॥
। ४० ।
शिव, राघव, गोपाल, शब्द पर्यायवाचक ।
अभेद दृष्टि राखेमा, को दाता ? को छ याचक ॥
। ४१ ।
शिव-दर्शनमा भेद, छैन ध्यान र ज्ञानमा ।
जीव-शिव उही नै हो, ब्रह्मात्मैक्य प्रबोधमा ॥
। ४२ ।
नेमुनिदेखि गोपाल, महीपाल, किरातले ।
लिच्छवि, नाग भूपाल, मल्ल, शाह नरेशले ॥
। ४३ ।
भक्तिले, बोधले भन्छन्-पशुका पति ईश्वर !
कल्याण गर सर्वेश ! तिम्रै राज्य, तिमी गर ॥
। ४४ ।
कल्पना कविको प्राण, भाव हो भक्तको धन ।
आत्माका खोजमा लागे, हुन्छ चिन्तन, दर्शन ॥
। ४५ ।
न ता भो कविता मीठो, न भक्ति भाव उर्लने ।
न ता दर्शन गम्भीर, रौँचिरा तर्क कुर्लने ॥
। ४६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न ता वेदान्तको ज्ञान, न भक्ति, न त कल्पना ।
शिवको सम्झना नित्य, शिवको मात्र वन्दना ॥

। ४७ ।

जे भो भो बुधले संज्ञा, समीक्षक दिए हुने ।
स्वीकार्य सर्वदा हुन्छ– शिवको ज्ञान भो भने ॥

। ४८ ।

उनैको सारा यो निगम गमको चेतन कला ।
फुलेको, फैलेको शिव–शिव बनेको छ अचला ॥
बने कोही ज्ञानी भगत मनले कर्म गतिले ।
पुगे पुग्लान् पक्कै तर शिव भजून् ! शुद्ध मतिले ॥

। ४९ ।

आत्मा, जीव, जगत् कहाँ ? किन ? कसो ? वेदान्त दुर्बोध छ ।
यो मेरो मन बोल्छ रे छुनमुने वाणी, न ता बोध छ ॥
आँटे, भेट्छु अवश्य नै शिवकृपा पाएँ भने जीवन ।
भो है सार्थक धन्य ! धन्य ! शिवमा सर्वस्व यो अर्पण ॥

। ५० ।

– हरिः ॐ तत्सत् –

। श्रीशिवार्पणमस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शिवगोपाल रिसाल

जन्ममिति : वि.सं. १९९४ साल वैशाख २ गते बुधवार।
जन्मस्थान : सैंबू भैंसेपाटी, ललितपुर, नेपाल।
माता : श्रीमती जनककुमारी रिसाल।
पिता : पं: विश्वनाथ रिसाल।
शिक्षा : एम्.ए. (नेपाली) प्रथमश्रेणीमा प्रथम।
प्राध्यापन अनुभव : वि.सं. २०१८ देखि २०५६ सम्म।
अभिरुचि : अध्ययन, अनुसन्धान, आत्मचिन्तन, अध्यात्म-सत्संग।

प्रकाशित कृतिहरू

१. नेपाली भाषा र व्याकरण (सह-लेखन) : वि.सं. २०२७
२. म को हुँ ? (अध्यात्म-काव्य) : वि.सं. २०४४
३. दुर्गापूजा र वलिको रहस्य (भक्ति-काव्य) : वि.सं. २०४४
४. श्रीराम-नाम (अध्यात्म-काव्य) : वि.सं. २०४७
५. श्रीविष्णुसहस्रनामस्तोत्रम् (सम्पादन एवं व्याख्या) : वि.सं. २०४९
६. श्रीचर्पटपञ्जरिकास्तोत्रम् (सम्पादन एवं व्याख्या) : वि.सं. २०४९
७. श्रीखप्तडवावा (अध्यात्म-काव्य) : वि.सं. २०५३
८. अभेद-दर्शन (दार्शनिक निवन्ध संग्रह) : वि.सं. २०५६
९. ब्रह्मजिज्ञासा (दार्शनिक निवन्ध संग्रह) : वि.सं. २०५७
१०. सुख कहाँ छ ? (दार्शनिक निवन्ध संग्रह) : वि.सं. २०५७
११. पद्मकन्या महाकाव्य (दार्शनिक, ऐतिहासिक संग्रह) : वि.सं. २०५७
१२. श्रीपशुपतिनाथको सेरोफेरो (अध्यात्म-काव्य) : वि.सं. २०५९

प्रकाशोन्मुख कृतिहरू

१. ईश्वरको अनुग्रह (दार्शनिक निवन्ध संग्रह)
२. वैदिक-संस्कृति (दार्शनिक निवन्ध संग्रह)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu